# मीमांसा-दर्शन निर्देशन

"आयोदधौम्य" निर्मलमणि अधिकारी

# मीमांसा–दर्शन निर्देशन

‘आयोदधौम्य’ निर्मलमणि अधिकारी

प्रकाशक तथा वितरक

**प्रशान्ति पुस्तक भण्डार**

पुतलीसडक (पद्मोदय स्कूल भवन ), काठमाण्डौं ।

फोन: ४-२३२७२५, पो.ब.नं. ४७१४

कृति : मीमांसा-दर्शन निर्देशन

प्रकाशक तथा वितरक
**प्रशान्ति पुस्तक भण्डार**
पुतलीसडक (पद्मोदय स्कूल भवन), काठमाण्डौं ।
फोन: ४-२३२७२५, पो.ब.नं. ४७१४

सर्वाधिकार © निर्मलमणि अधिकारीमा सुरक्षित

संस्करण : पहिलो (वि.सं. २०६२, श्रीपञ्चमी)

मूल्य रु. ३०।-

मुद्रण: *गीताञ्जली छापाखाना, डिल्लीबजार, काठमाडौं ।*

# समर्पण

मेरा परमपूज्य पिताजी

**पं. रुद्रमणि अधिकारी**

जसको आध्यात्मिकताको आलोकले मेरो हृदय
उज्यालिएको छ

र

मेरी परमपूज्या आमा

**रमादेवी अधिकारी**

जसको मातृवात्सल्यले मलाई पटक-पटक मृत्युको
मुखबाट पनि खोसेर ल्याएको छ
यो छोरोको भक्तिपूर्ण समर्पण

# प्राक्कथन

वैदिक-हिन्दू-षड्दर्शनमा पर्ने मीमांसा-दर्शन धेरै महत्वपूर्ण छ । वैदिक सनातन धर्मको निम्ति यसको महत्व निक्कै ठूलो छ । आधुनिक हिन्दू विधानमाथि मीमांसा-पद्धतिको पर्याप्त प्रभाव छ ।

'मीमांसा' शब्दको अर्थ नै 'विचार गर्नु' हो । मीमांसा-दर्शनको ज्ञान प्राप्त नगरी वैदिक वाक्यहरूको वास्तविक अर्थ जानिँदैन भन्ने विद्वानहरूको मत छ । मीमांसा कर्मप्रधान दर्शन हो । यो वैज्ञानिकतायुक्त धर्मको दृष्टान्त पनि हो । त्यसैले मेरो व्यक्तिगत रोजाइमा अत्यन्तै मनपर्दो दर्शन पनि हो यो ।

मीमांसा-दर्शनका प्रवर्तक महर्षि जैमिनिलाई मानिन्छ । "धर्म के हो ?" यही विचार गर्न महर्षि जैमिनिले मीमांसाशास्त्रको सूत्रपात गरे । यीभन्दा अघि धर्मको विचार नै भएको थिएन भन्ने कुरा भने होइन । गुरु-शिष्य-परम्परा यसमा यसरी फेला पर्छ– ब्रह्माले प्रजापतिलाई मीमांसा भने, उनले इन्द्रलाई, इन्द्रले अग्निलाई, अग्निले वशिष्ठलाई, वशिष्ठले पराशरलाई, पराशरले कृष्णद्वैपायनलाई, उनले जैमिनिलाई । जैमिनिले गुरुको उपदेशपछि यो न्यायलाई ग्रन्थमा निबद्ध गरे । यसरी सात पीढीमा आएर मीमांसा-शास्त्रको सूत्र निर्माण भएको छ । वेदपश्चात्को कुनै अज्ञात कालखण्डमा जन्मेको मीमांसा-दर्शनले जैमिनिको समयमा आएर सुनिश्चित स्वरूप प्राप्त गर्‍यो; शबरको समयमा सैद्धान्तिक आधारलाई अझै परिपुष्ट पार्‍यो र कुमारिलको समयमा आएर झन् तेजस्वी भयो । मीमांसा-दर्शन बौद्ध-दर्शनभन्दा अघिको भएतापनि वर्तमान समयमा यसको जुन रूप प्राप्त छ, त्यो कुमारिल भट्टद्वारा पुन:स्थापित भएको हो । कुमारिलको योग्यता एवं परिश्रमले मीमांसा-दर्शनलाई पनि नयाँ जीवन प्राप्त भयो ।

मैले मीमांसा-दर्शन सर्वप्रथम मेरा पिताजी परम्पूज्य पण्डित रुद्रमणि उपाध्याय अधिकारीज्यूसँग पढ्ने अवसर पाएको थिएँ । प्रवेशिका (एसएलसी) परीक्षा दिएर बसेको बेलामा वि.सं.

२०५० सालको पूर्वाद्धको समय थियो त्यो । त्यतिखेर उहाँले साथमा संस्कृति संस्थान, बरेली, उत्तर प्रदेश, भारतबाट प्रकाशित सरल हिन्दी व्याख्या सहितको मीमांसा-दर्शन (सम्पादक : वेदमूर्ति तपोनिष्ठ पं. श्रीराम शर्मा आचार्य) को पुस्तक पनि दिनुभएको थियो । किशोर वयमा पढेको उक्त पुस्तकको कारणले मलाई मीमांसा-दर्शनले सधैं आकर्षण गरिरह्यो । त्यसपछि मीमांसा-दर्शनकाबारेमा भेटेजति टीका/व्याख्यान पढ्न छुटाएको छैन ।

जति जति पढ्दै गयो, उति उति यस दर्शनको पुनरुत्थानमा संसारको भलो देख्न थालेँ मैले । यसलाई कसरी बढी भन्दा बढी प्रचार गरूँ भन्ने भावना पनि त्यसै कारणले आउन थाल्यो । यस्तैमा 'मीमांसा-दर्शन निर्देशन' को पहिलो पाण्डुलिपि वि.सं. २०५७ साल कार्तिक महिनाको पहिलो हप्ता तयार भएको थियो । त्यसको लगत्तैजसो **घटना र विचार** राष्ट्रिय साप्ताहिकमा धारावाहिक रूपमा क्रमशः पाँचओटा अङ्कहरू –वि.सं. २०५७ फागुन २४ गते बुधवार, वि.सं. २०५७ चैत १ गते बुधवार, वि.सं. २०५७ चैत ८ गते बुधवार, वि.सं. २०५७ चैत १५ गते बुधवार, र वि.सं. २०५७ चैत २२ गते बुधवार – मा यो प्रकाशन भएको थियो ।

घटना र विचार साप्ताहिकमा मीमांसा दर्शनका बारेमा पढेर थुप्रैजनाले सकारात्मक प्रतिक्रिया दिएपछि म अझै हौसिनु स्वाभाविकै थियो । तत्पश्चात् वि.सं. २०५८ साल पुसमा तथा वि.सं. २०५९ साल फागुनमा पनि 'मीमांसा-दर्शन निर्देशन' लाई पुनर्लेखन/परिष्कार गरियो । पुस्तकका रूपमा प्रकाशनका लागि अहिले त्यो सुयोग मिलेको छ ।

# मीमांसा-दर्शन निर्देशन

## विषयसूची


प्रकरण – एक

मीमांसा-दर्शनको परिचय, महत्व तथा आवश्यकता ................ १

प्रकरण – दुई

मीमांसा-दर्शनको दृष्टिमा धर्म र वेद ................................. ७

प्रकरण – तीन

मीमांसा-दर्शनले चिनाएको 'यज्ञ' र 'स्वर्ग' ........................ १६

प्रकरण – चार

दैवीशक्तिको यथार्थता ..................................................... २१

प्रकरण – पाँच

कस्तो 'कर्म' गर्ने ? ........................................................ २९

प्रकरण – छ

मीमांसा-दर्शनका दृष्टिमा बलिप्रथा एवम् मांसाहार ............... ३४

प्रकरण – सात

कसरी हुन्छ मुक्ति ? ........................................................ ३९

परिशिष्ट

वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान ......................... ४७

# मीमांसा-दर्शन निर्देशन

## प्रकरण – एक

## मीमांसा-दर्शनको परिचय, महत्व तथा आवश्यकता

मीमांसा-दर्शन हिन्दू-दर्शनहरूमध्येको एक महत्वपूर्ण दर्शन हो । सांख्य, योग, न्याय, वैशेषिक तथा वेदान्त दर्शनजस्तै मीमांसा-दर्शन पनि सनातन धर्मको प्रमुख धरोहर हो । ती दर्शनका तुलनामा मीमांसा-दर्शन विस्तृत छ, यसको सूत्रसंख्या २६४४ छ –जुनकि अरु पाँचै दर्शनहरूका सूत्रहरू सम्मिलित गर्दा हुनआउने संख्या जति छ । मीमांसा-दर्शनका प्रवर्तक महर्षि जैमिनीलाई वेदान्त-दर्शन (ब्रह्मसूत्र) का पुरस्सर महर्षि बादरायण (व्यास) का शिष्यका रूपमा पनि चिनिन्छ । मीमांसा-दर्शनलाई अरु दर्शनभन्दा फरक यस कारणले मानिएको छ कि यसमा कर्मकाण्डलाई धर्मको मूल साधन बताइएको छ ।[1] जैमिनीको स्पष्ट मत छ कि धर्मको जुन व्याख्या वेदमा गरिएको छ त्यसलाई स्वीकार गर्नु र तदनुसार आचरण गर्नु मनुष्यको कर्तव्य हो र यसैबाट ऊ स्वर्ग तथा मुक्तिको अधिकारी हुनजान्छ । यस दर्शनले उठाएका विषय-वस्तु आजको युगमा समेत हाम्रालागि अत्यन्त महत्वपूर्ण भएकाले मीमांसा-दर्शनको पठनपाठन हुनु जरुरी छ ।

मीमांसा-दर्शनको चर्चा गर्दा श्रद्धेय आचार्य कुमारिल भट्टको नाम उल्लेख गर्नैपर्छ । किनकि, मीमांसा-दर्शन बौद्ध-दर्शनभन्दा अघिको भएता पनि वर्तमान समयमा यज्ञको जुन रूप प्राप्त छ त्यो आचार्य कुमारिलद्वारानै पुन:स्थापित भएको हो । कुमारिलले बौद्धमतको पूर्णज्ञान प्राप्त गरी शास्त्रार्थ गरेर त्यसबेलाका बडा-बडा बौद्ध विद्वानहरूलाई शास्त्रार्थमा पराजित गरी ठूलो प्रतिष्ठा एवं यश आर्जन गर्नुभयो । उहाँको योग्यता एवं परिश्रमले मीमांसा-दर्शनले पनि नयाँ जीवन प्राप्त गर्‍यो । भगवान्

जगद्गुरु शंकराचार्यले आचार्य कुमारिललाई गुरुतुल्य मानेर अत्यन्त आदरपूर्वक नाम लिनुभएको छ । यसबाट पनि उहाँको महान् व्यक्तित्वको हामीलाई ज्ञान हुन्छ । म यशस्वी एवं प्रातःस्मरणीय आचार्य कुमारिल भट्टप्रति श्रद्धानत हुँदै मीमांसा-दर्शनको चर्चालाई अगाडी बढाउँछु ।

यो दर्शन कुन पृष्ठभूमिमा प्रवर्तित भएको थियो भन्नेकुरा हामीले बुझ्नुपर्दछ । भारतवर्षीय-संस्कृतिको इतिहासमा एक कालखण्ड यस्तो थियो जुनबेला 'यज्ञ' यहाँको जनजीवनमा पूर्णतया आत्मसात् थियो; सर्वत्र धार्मिकता एवं यज्ञसम्बन्धी उत्सवको चहलपहल थियो । तर समय बित्दैजाँदा यसमा पनि केही विकृति आयो र कालान्तरमा यज्ञको धार्मिक भाव र सात्विक वातावरण क्षय हुँदैगयो । एकातिर यज्ञ गर्दैनगर्नेको जमात त अर्कातिर यज्ञ गरेता पनि यसलाई ढोँग, पाखण्ड तथा हैसियत प्रदर्शनको माध्यम बनाउने विकृत स्थिति पनि आयो । मध्यकालमा यज्ञमा पशुहिंसा पस्यो र एक समयमा मूक पशुहरूउपर हिंसारूपी अत्याचार यति हदसम्म बढ्योकि ती पशुका करुण चित्कारले द्रवित भएर स्वयम् भगवान विष्णुले बुद्धअवतार लिनुभयो । नेपालकै लुम्बिनीमा प्रकटित हुनुभएर भगवान् विष्णुका प्रमुखतम् दशावतारमध्ये नवौं अवतारका रूपमा प्रतिष्ठित भगवान बुद्धले अहिंसाको प्रचार गर्नुभयो । त्यस कार्यले हिंसाको रोकथाममा ठूलो योगदान पुऱ्यायो । त्यतिखेर यज्ञमा हिंसाको दुस्प्रभाव यति धेरै बढेको थियो कि वेदको वचन– ***मा हिंस्यात् सर्वभूतानि*** लाई पालना गराउन स्वयम् भगवान्ले अवतरित भएर यज्ञ नै बन्द गराउने कार्य भयो । त्यो युगको आवश्यकता थियो ।

गौतम बुद्धभन्दा अल्लि अघि भगवान् महावीरले भगवान् विष्णुका प्रमुख अवतारहरूमध्येकै एक अवतार भगवान् ऋषभदेव (जैनधर्मका प्रथम तीर्थङ्कर) को परम्परालाई अगाडी बढाउँदै अहिंसाको सन्देश फैलाउनु भएको यहाँ स्मरणीय छ । बौद्ध, जैन आदि धार्मिक सम्प्रदाय सनातन (हिन्दू) धर्ममा सुधार गर्न

निकालिएका मार्गहरू हुन् । मीमांसा-दर्शनको प्रवर्तन पनि यज्ञका नाममा विकृतिहरू बढिरहेको पृष्ठभूमिमै भएको बुझिन्छ; तर यसले यज्ञको निषेध गरेर होइनकि यज्ञलाई वेदले निर्देशित गरेको शुद्ध एवं वास्तविक स्वरूपमा स्थापित गरेर त्यो विकृति हटाउन चाहेको हो ।

पहिलोपल्ट बुद्धभन्दा अगाडीको समयमै प्रवर्तित भएको यो मीमांसा-दर्शन दोस्रोपल्ट बुद्धभन्दापछि आचार्य कुमारिलद्वारा पुनः प्रतिष्ठित भएको थियो । यो पनि समयको माग अर्थात् युगको आवश्यकता थियो । भयो के भने, जब सनातन हिन्दूधर्म को सुधार गर्न जन्मिएको बौद्धमतमा पनि समयक्रममा प्रशस्त विकृतिहरू आए र आफूलाई बुद्धका अनुयायी भन्नेहरूले वास्तविक बुद्धोपदेशलाई अतिक्रमण गरे; तब त्यसलाई सच्याउन श्रद्धेय आचार्य कुमारिलको अभ्युदय भयो र उहाँले मीमांसा-दर्शनको पुनः प्रतिष्ठा गर्नुभयो ।

मीमांसा-दर्शनको आविर्भाव हुनुपर्ने अर्को प्रमुख कारण के पनि थियोभने त्यतिखेर धर्मको नाममा कर्मबाट पर रहने प्रवृत्तिले पनि मौलाउन पाएको थियो र जनसंख्याको ठूलो हिस्सा अकर्मण्य निस्क्रिय बसिदिँदा समाजको आर्थिक-सामाजिक प्रणालीलाई नकारात्मक असर परिरहेको थियो । समाजमा धर्मप्रतिको आस्था अत्यधिक भएको त्यो समयमा मानिसहरूलाई कर्मरत रहिरहन धर्मकै माध्यमबाट प्रेरणा दिँदाखेरीमा बढी प्रभावकारी हुने निश्चित थियो । त्यसबेला धर्म केवल व्यक्तिगत आस्थाको कुरामात्र थिएन, बरु यो त सम्पूर्ण समाजको समग्र प्रणाली थियो । त्यसो हुनाले धर्मगुरुहरूको दायित्व केवल पूजापाठ गर्ने र औपचारिकता निर्वाह गर्न प्रवचन दिनेमात्र थिएन । धर्मगुरुहरू समाजका हरेक पक्षमा नेतृत्व दिन समर्थ एवं सक्षम थिए । हरेक धार्मिक सुधारसँगसँगै सामाजिक, राजनीतिक, आर्थिक लगायतका सम्पूर्ण सुधार भएको हुन्थ्यो । समाजमा धर्मप्रतिको आस्था अत्यधिक भएको त्यो समयमा मानिसहरूलाई कर्मरत रहिरहन धर्मकै माध्यमबाट प्रेरणा दिँदाखेरीमा बढी प्रभावकारी हुने तथ्यलाई ध्यानमा राखेर

मीमांसाकारले 'कर्म'लाई प्रमुखता दिएकोतर्फ हाम्रो ध्यान पुग्नु पर्दछ ।

मीमांसा-दर्शनको उद्देश्य यस्ता धार्मिक विषयहरू तथा समस्याहरूबारेमा विचार गर्नु हो जसका बारेमा लोकमा विभिन्न प्रकारका मतभेद तथा भ्रम फैलेका थिए । **'मीमांसा' शब्दको अर्थ नै 'विचार गर्नु' हो** । विद्वानहरू भन्दछन् कि मीमांसा-दर्शनको ज्ञान प्राप्त नगरी वैदिक वाक्यहरूको वास्तविक अर्थ जानिँदैन । अहिले वेदका शब्दहरूका अर्थ नजान्नाले समाजमा समेत अनर्थ भएको छ । जस्तोकि, 'आर्य' शब्दको गलत अर्थ प्रचार गरेर हाम्रो समाजमा ठूलो द्वेषभाव तथा विखण्डनको विष फैलाउनेहरू पनि छन् ।[२] त्यस्तै, प्रसंगवश कुरा गरौं, 'हिन्दू' शब्दको अर्थ र बौद्ध, जैन, शिख लगायतका विभिन्न धार्मिक सम्प्रदायहरूको हिन्दुत्वसँगको अन्तर्सम्वन्ध बारेमा पनि गलत किसिमबाट प्रस्तुत हुनेहरूको संख्या पनि कम छैन ।[३] यी सबको निदान गर्नकालागि मीमांसा-दर्शन उपयोगी हुने स्पष्टै छ ।

साँच्चैनै धर्मको वास्तविकतामा मान्छेहरू पुग्न नसक्नाले अनर्थ भइरहेको छ । आज मानिसहरूले 'यज्ञ'को वास्तविक अर्थ, 'स्वर्ग'को वास्तविक अर्थ, अनि 'देवता'को वास्तविक अर्थ नबुझेको स्थिति छ । 'धर्म'को खास अर्थ नबुझेर संकीर्ण किसिमका परिभाषामा झगडिँदै गरेका छन् । उ पनिषद्, पुराण, रामायण, महाभारत, गीताआदिका गाजेमाजे अर्थ गरेका छन् कतिपयले । यो सब अनर्थ किन त भन्दा संस्कृत भाषासँग टाढिनुको दुस्परिणाम; 'मीमांसा' जस्ता दर्शनको अध्ययन नहनुको दुस्परिणाम ! यदि मीमांसा-दर्शनको अध्ययन हुने हो भने यस दर्शनले हामीलाई वास्तविकता बोध गराउनेछ, यथार्थ ज्ञान दिनेछ । अहिलेको समयमा यस दर्शनको महत्व तथा आवश्यकता झन् बढेको छ ।

<u>पादटिप्पणी</u> :

(१) छओटा दर्शनहरूले वास्तवमा एकै तत्वको प्रतिपादन गर्दछन् भन्ने तथ्य हामीले भुल्नु हुँदैन । एक संस्कृत श्लोकमा

भनिएको छ– "रुचिनां वैचित्र्याद्दजुकुटिल-नानापथजुषां । नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥" अर्थात् रुचिको भिन्नता वा वैचित्र्यका आधारमा सोझा-सरल, बाङ्गा-टिङ्गा र घुमाउरा आदि अनेकौं पथ, पद्धति र धार्मिक परिपाटीमा बाँडिने मनुष्यहरूका लक्ष्यबिन्दु वा प्राप्य वस्तु एकमात्र तिमी हौ, जस्तोकि विभिन्न प्रकारका रूपाकृतिमा बाँडिएर बग्ने अनेकौं नदीनालाहरूको पानीको एकमात्र गन्तव्यस्थल वा प्राप्य वस्तु एउटै समुद्र हो ।

विभिन्न दर्शनको साध्य एउटै हो भन्ने साक्ष्यमा गीताको तेह्रौं अध्यायका श्लोक २४–२५ मा ध्यानयोग, ज्ञानयोग, निष्काम-कर्मयोग र भक्तियोग, सबै तरिकाले साधकले भवसारगर तर्न सक्ने बताइएको पनि स्मरणीय छ ।

महर्षि दयानन्द सरस्वतीको मतमा पनि छओटा दर्शनहरूले एकै तत्वका भिन्न भिन्न छ अवयवहरूबारेमा प्रतिपादन गरेका हुन् । जसरी घडा बनाउँदा कर्म, समय, माटो, विचार, संयोग-वियोगादिको पुरुषार्थ, प्रकृतिको गुण र कुमाले कारण हुन्छ– त्यसरीनै सृष्टिको जो कर्म कारण छ त्यसको व्याख्या मीमांसामा, समयको व्याख्या वैशेषिकमा, उपादान कारणको व्याख्या न्यायमा, पुरुषार्थको व्याख्या योगमा, तत्वहरूको अनुक्रमपूर्वक परिगणनको व्याख्या सांख्यमा र निमित्तकारण (परमेश्वर) को व्याख्या वेदान्तमा भएको हो ।

राधाकृष्णन्ले आफ्नो पुस्तक 'भारतीय दर्शन'मा प्रबोधचन्द्रोदय नामक एक दार्शनिक नाटकलाई उद्धृत गर्दै लेखेको पाइन्छकि हिन्दू-विचारधाराका छ प्रमुख दर्शन परस्पर एक-अर्काबाट अलग छैनन्, किन्तु विविध प्रकारका दृष्टिकोणबाट एकै स्वयम्भू ईश्वरको स्थापना गर्दछन् । यी सबै मिलेर यत्र-तत्र छरिएका प्रकाशकिरण (ज्ञान) लाई एक केन्दस्थलमा केन्द्रित गर्दछन्, फलस्वरूप मानवले एकै तत्वबारेमा भिन्न भिन्न आयामबाट ज्ञान प्राप्त गर्दछ ।

(२) यसबारेमा 'नेपाली भाषा-संस्कृति परिषद्' द्वारा वि. सं. २०५६ मा प्रकाशित मेरो पुस्तक 'चुच्चे-नेप्टेको सवाल र दशैं वहिस्कार'मा विस्तारपूर्वक चर्चा गरेको छु । साथै, विभिन्न पत्रिकामा आफ्ना स्तम्भ अन्तर्गतका लेखहरूमा पनि यसबारेमा लेखेको छु। त्यसोहुँदा यससम्बन्धी थप चर्चा यहाँ नगरिएको हो।

(३) यस बारेमाचाहिँ मैले 'नेपाली भाषा-संस्कृति परिषद्' द्वारा वि. सं. २०५७ मा प्रकाशित मेरो पुस्तक 'आस्थाको शान्ति-युद्ध'मा विस्तारपूर्वक प्रष्ट्याएको छु । साथै, माथि पादटिप्पणी संख्या १ मा भनिएझैं यसबारेमा पनि मद्वारा लिखित थुप्रै लेखहरू यत्रतत्र प्रकाशन भइसकेका छन् । तर तीमात्र सम्पूर्ण होइनन् । यस सन्दर्भमा अझ बढी कार्य गरिनु आवश्यक देखिएको छ।

<u>**विशेष टिप्पणी**</u> :

भारतवर्षीय विश्वास अनुसार कुमारिलको समय ई.पूर्व नै हो । एक जैन ग्रन्थ 'जिन-विजय'मा बताइएअनुसार कुमारिल भट्टको जन्मकाल ई.पू. ५७७ तथा कुमारिलसँग शङ्करको भेट भएको वर्ष ई.पू. ४९४ बताइएको छ । 'शिव-रहस्य' र 'भविष्योत्तर पुराण' (जो शंकराचार्यको आविर्भाव भन्दा अगाडि लेखिएको मानिन्छ) मा भविष्यत् कालको वचनमा भनिएको छकि शंकरको जन्म कलियुगको दुई सहस्र बितेपछि हुनेछ । यसबाट पनि शंकराचार्य एवं पूर्ववर्ती आचार्य कुमारिलको जन्म ई.पू.मै भएको भन्ने भारतवर्षीय विश्वासलाई बल मिल्दछ।

हेर्नू : महादेवन, टी.एम.पी.; शंकराचार्य (अनु. सुमंगल प्रकाश); नेशनल बुक ट्रस्ट, इण्डिया; दूसरी आवृत्ति, सन् १९९९; पृ. ४ र पृ. १०

***

# प्रकरण – दुई
# मीमांसा-दर्शनको दृष्टिमा धर्म र वेद

मीमांसा-दर्शनको प्रथमसूत्रमै 'अथातो धर्म जिज्ञासा' भनिएको छ । यसरी धर्मबारेमा विचार गर्नु मीमांसा-दर्शनको पहिलो कार्य हो । त्यसपछि तत्कालै भनिएको छ – 'चोदना लक्षणोऽर्थो धर्मः' । शाब्दिक अर्थको पछिल्तिर लाग्नुअघि हामी यस सूत्रलाई बुझ्ने प्रयास गरौं ।

धर्म प्रत्येक व्यक्तिको आफ्नै मनखुशी इच्छा वा रुचिमा निर्भर चीज होइन, यो त एक नैतिक नियम हो जसको पालना गर्नु समाजमा रहनेवाला मनुष्यकालागि आवश्यक छ । कुनै कार्य यस्ता हुन्छन् जो मनुष्यले प्राकृतिक प्रेरणाले विवश भएर गर्नु पर्दछ, जस्तोकि खानु, पिउनु, सुत्नु, शौच आदि कार्य । कुनै नियमचाहिँ यस्ता हुन्छन् जो मनुष्यले राज्य अथवा शासनको आज्ञाका कारणले मान्नु पर्दछ । कुनै नियम आफू रहेको समाजका सामाजिक तथा पारम्परिक विशेषताका कारण मानिएको हुन्छ । अर्काखाले कार्य यस्ता हुन्छन् जो प्राकृतिक अथवा राज्यका दबाबका कारणले नभएर नैतिक नियमवश गरिनकालागि प्रेरणा दिइन्छ, उदाहरणार्थ– दया, परोपकार, दान, उदारता, संयम, क्षमा, अहिंसा आदि । मान्छेको जीवनमा यी सबैखाले नियमहरूको विशेष महत्व छ । यी नियमहरूको पालना गर्ने सवालमा जैमिनीको भनाइ बडो युक्तियुक्त छ कि जो कार्य लोकोपकारी उपदेशकहरूको प्रेरणा या आदेशलाई मानेर गर्नुपर्दछ, त्यो नै धर्म हो । तसर्थ भनियो कि प्रेरणा या उपदेशवाला अर्थ नै धर्म हो, – 'चोदना लक्षणोऽर्थो धर्मः' ।

अब यहाँ प्रश्न उठ्छकि आफूलाई लोकोपकारी भन्ने दावी गरेर उपदेश या प्रेरणा दिनेहरूमध्येबाट पनि फरक फरक उपदेश या प्रेरणा प्राप्त भएमा के गर्ने नि ? अनि कसैको मत

लोकोपकारी हो वा होइन भनेर निर्णय कसरी गर्ने ? यसको जवाफ मीमांसाकारले दिएका छन् ।

इन्द्रिय तथा बाह्य पदार्थको संयोगले उत्पन्न हुनेवाला ज्ञान नित्य छैन, अनित्य छ र कुनै पनि बेला परिवर्तित हुनसक्छ । इन्द्रियहरूको शक्ति क्षीण हुँदा एकथोकलाई अर्कोथोक बुझ्ने तथा कुनै पनि इन्द्रियलाई भ्रम हुनसक्ने स्थितिलाई ख्याल गर्दा इन्द्रियहरूद्वारा जे अनुभूत गरियो त्यसलाई सत्य भनेर ठोकुवा गर्न सकिदैन ।

उदाहरणार्थ– यदि हामीले आफ्ना दुबै हातका चोर औंलालाई एकापसमा सम्मुख राखेर आफ्नो आँखा नजिक लग्यौंभने ती दुई औंलाका बीचमा एउटा औंलाको टुक्रो देखिन्छ, जबकि वास्तवमा त्यो हुँदैन । यसैगरी मरुभूमिमा यात्रा गर्दा हाम्रो आँखाले पानीको कुवा नभएको ठाउँमा पनि परबाट पानीको कुवा भएजस्तो देख्छ ।

यसबाट प्रष्ट हुन्छकि इन्द्रियद्वारा प्राप्त ज्ञानमा पूर्णतया भर पर्नु हुँदोरहेनछ । त्यस्तैगरी फगत् अनुमानका भरमा कुनै कुराको निर्णय लिनु पनि भएन । यसरी धर्मसंबन्धी निर्णयमा प्रत्यक्ष प्रमाण (इन्द्रियबाटमात्र हुने ज्ञान) अथवा त्यसको आधारमा उत्पन्न हुनेवाला अनुमान प्रमाणलेमात्र काम दिंदैन । कारण के भने प्रत्यक्ष प्रमाण तथा अनुमान प्रमाण दुबैनै भौतिक तथ्य एवम् त्यसका आधारमा गरिने कल्पनामा निर्भर रहन्छन्; जबकि धर्म पर्‍यो यस्तो विषय जो न त प्रत्यक्ष यी यै चीज हो भनेर देखिने चीज हो, न खाँदा यस्तो स्वाद आउँछ भनेर अनुभव गर्ने वस्तु नै पर्‍यो । यस्तो होला वा उस्तो होला भनेर आकार-प्रकारको अनुमान गरेर पत्ता लगाउने कुरो पनि परेन धर्म । त्यसोहुँदा धर्मबारेको निर्णय यस्तो आधारमा हुनुपर्‍यो जसमा भ्रमको कुनै गुञ्जायस नहोस् । यस्तो प्रामाणिक निर्णय दिने कसीका रूपमा मीमांसाकारले वेदलाई मानेका छन् ।

मीमांसाकारको मत अनुसार भ्रमको कुनै गुन्जायससम्म पनि नभएको प्रामाणिक निर्णय र आदेश त वेदको मात्र हुन सक्छ। बस्, मीमांसा-दर्शनको गाँठी कुरा यसैमा छ।

मीमांसा-दर्शनमा भनिएको छ कि वेदका प्रत्येक शब्द आफ्ना अर्थसँग स्वाभाविक सम्बन्ध राख्दछन्। यो ईश्वरोपदिष्ट धर्मको यथार्थ साधन हो। वेदको आदेश आफ्नो अर्थसत्यताका कारण स्वतः प्रमाण छ। वेदको कुनै पनि भाग अप्रामाणिक छैन, धर्मसँग असंबन्धित छैन। वेद नै पुरुषार्थ चतुष्टय– धर्म, अर्थ, काम, मोक्ष –प्राप्तिको एकमात्र साधन हो। जो व्यक्ति अर्थ बुझेर वेदको आशयलाई राम्ररी हृदयंगम गर्दछ उसलाई जीवनको सफलता, सार्थकताको सच्चा मार्ग प्राप्त हुन्छ। अर्थात्, **वेद नै धर्मको सम्बन्धमा प्रमाण हो**। तसर्थ वेदले निर्देशित गरेअनुसार कार्य गर्नु नै धर्म हो। अर्थात्, 'चोदना लक्षणोऽर्थो धर्मः' को कसी वेद हो भनेर मीमांसा-दर्शनले ठोकुवा गरेको छ।

वेद नै धर्मको सम्बन्धमा प्रमाण हो र वेदले निर्देशित गरेअनुसार कार्य गर्नु नै धर्म हो भन्ने मीमांसा-दर्शनको भनाइ उपर कतिपयले प्रश्न उठाउन सक्छन्कि किन वेदलाई नै धर्मको सम्बन्धमा प्रमाण मान्ने ? के कारणले गर्दा यो प्रामाणिक भएको हो र अरु नभएका हुन् ? मीमांसाकारले यसको जवाफ दिएका छन्। वेदलाई नै प्रामाणिक मान्नुमा कारणहरू छन्।

एक त, वेदमा कुनै पनि वाक्य निरर्थक छैन। हो, कसैले आफ्नो अयोग्यताका कारण वेदका कुरा बुझ्न नसक्नाले निरर्थक पनि भन्देला; तर त्यो त चमेराले सूर्य उदाउनुलाई निरर्थक भनेजस्तो हो। चमेराले निरर्थक ठान्दैमा सूर्योदय निरर्थक हुँदैन। वेद वाक्य सबै सार्थक छन्। अर्को कुरा, वेदमा कुनै व्यक्ति विशेष वा राजा आदिको वर्णन गरिएको छैन र कुनै कालविशेषमा घटित घटनाको चर्चा पनि छैन। वेदमा जहाँकहिँ पनि व्यक्ति अथवा घटनाहरूको जुन कुरा छ, त्यो वास्तवमा त्यस्तो होइन, ती सब यौगिक र सामान्य अर्थवाला हुन् भन्ने मीमांसाकारको मत छ। हुनसक्छकि ती व्यक्तिका नामसँग मिल्दाजुल्दा होऊन्, तब

पाठकहरू भ्रममा पर्छन्‌कि हो न हो यो कुनै ऐतिहासिक व्यक्तिको नाम हो । भुज्य, तुग्र, सुदास, इन्द्र आदि यस्तै हुन् ।[1] यिनको अर्थ यौगिक रूपले गर्नु पर्दछ । वास्तविक अर्थ गर्न नसक्नेहरूकालागि वेदका शब्द एवं वाक्यका अर्थ नलाग्लान् वा उल्टा अर्थ लाग्ने पनि प्रवल सम्भावना हुन्छ;[2] तर सही रूपले वेदको अर्थ लगाउन सक्ने सामर्थ्य भएकाहरूकालागि वेद-वाक्य सबै सार्थक छन् भन्ने मीमांसाकारको भनाइ हो ।

मीमांसा-दर्शनका अनुसार सबभन्दा मुख्य कुरा त वेद अपौरुषेय अर्थात् ईश्वरप्रदत्त हुनाले स्वतः प्रामाणिक ग्रन्थ हो[3] । तर कतिपयले प्रश्न खडा गर्न सक्छन्‌कि वेद 'अपौरुषेय' हो भन्ने के प्रमाण छ ? यस्तो प्रश्न गर्नेहरू जहाँ-तहिं भेटिनेछन् ।

यो प्रश्न आजमात्र गरिएको प्रश्न होइन । आचार्य कुमारिललाई पनि यो प्रश्न गरिएको थियो र शास्त्रार्थमा वेद अपौरुषेय भएको प्रमाणित गरेर नै उहाँले आफ्ना प्रतिद्वन्दीहरूलाई पराजित गर्नुभएको थियो । प्रथम मीमांसाकारका सामुन्नेमा पनि यस्ता प्रश्न पक्कै आएका हुँदाहुन् । ती प्रश्नहरूलाई तर्कपूर्वक निराकरण गरेरमात्र यो दर्शन सु-स्थापित भएको हो । स्वयम् ऋग्वेदमा मन्त्र-द्रष्टा ऋषिले यी सूक्तहरू हाम्रा खोज हुन्, रचना होइनन् भनिराखेको अवस्थामा यथार्थ छर्लङ्गै छ ।

वेदका सम्बन्धमा के भ्रम फैलाइएको छ भने यसका ऋचाहरू ऋषिहरूद्वारा रचित भएकाले उनीहरूद्वारा रचित वेद अपौरषेय हुन सक्दैन । यो भ्रमित पार्ने तर्क (अर्थात्, कुतर्क) मात्र हो । वास्तवमा वेद-मन्त्रहरूमा जति पनि ऋषिहरूको नाम दिइएको छ, उनीहरू ती मन्त्रका 'कर्ता' वा स्रष्टा होइनन् कि 'द्रष्टा' हुन्; अर्थात्, उनीहरू तत्‌तत् मन्त्रका विधिवत् प्रचारक थिए । जो स्वयम्भू, सर्वव्यापक, शुद्ध, सनातन, निराकार परमेश्वर छन्– उनैले सनातन जीवरूप प्रजाको कल्याणार्थ यथावत् रीतिपूर्वक वेदद्वारा सब विद्याहरूको उपदेश गर्दछन् भन्ने वैदिक वचन यहाँ स्मरणीय छ । वेदलाई 'श्रुति' नामाकरण गरिनुले पनि यही तथ्यलाई पुष्टि गर्दछ । यसबाट विदित हुन्छकि ऋषिहरूले

वेद-मन्त्र सुनेपछि लोकहितार्थ त्यसको प्रचार गरेका थिए; उनीहरूले वेदकै रचना गरेकाचाहिँ होइनन् ।

मीमांसाकार भन्छन्- *वेद वास्तवमा कहिल्यै कसैद्वारा रचिएको होइन र अनादिकालदेखि यसै स्वरूपमा मानवसमक्ष छ; वेदका प्रत्येक शब्द अनादि छन् र एक निश्चित अर्थलाई प्रकट गर्दछन् ।*

आचार्य कुमारिलका शब्दमा :-

*सर्वेश्वर प्रणीतत्वे प्रामाण्यमपि सुस्थितम् ।*
*प्रमाण्यं विद्यतेनेति पौरुषेयेषुयुज्यले ॥*
*वेदेवक्तुभावाच्च तद्वार्वापि सुदुर्लभा ।*
*वेदस्य नित्यता प्रोक्ता प्रामाण्येनापयुज्यते ॥*

यसको भावार्थ यही हो कि ईश्वर प्रणीत भएकाले वेद पूर्णतः प्रामाणिक छ; वेद बनाउनेवाला कुनै व्यक्ति पाइँदैन; वेदलाई नित्य भनिन्छ र यही तिनलाई अपौरुषेय र प्रमाणस्वरूप मान्न पर्याप्त छ । यसरी वेद स्वयं परमात्मा परमेश्वरद्वारा रचित हो भन्ने प्रमाणित भएपछि वेद नै धर्मको सम्वन्धमा प्रमाण हो र वेदले निर्देशित गरेअनुसार कार्य गर्नु नै धर्म हो भन्ने मीमांसा-दर्शनको मत प्रतिष्ठित हुन्छ ।

संक्षेपमा भन्नुपर्दा, धर्मको निर्णय र आचरण वेदको आधारमा मात्र गर्नुपर्दछ भन्ने मीमांसा-दर्शनको दृढ मत हो । वेदमा ईश्वरोपदिष्ट धर्मको यथार्थ स्वरूप छ । वेदको कुनै पनि भाग अप्रमाणित छैन एवम् धर्मसँग असम्बद्ध छैन । वेद वाक्य सबै सार्थक छन् । ईश्वरतत्वको प्राप्ति नै वेदको हेतु हो ।

मीमांसा-दर्शनको दृढ मत छकि वैदिक विधानहरूलाई बुझ्न तथा विस्तृत व्याख्या गर्नकालागि अन्य ग्रन्थहरू पनि उपयोग गर्न सकिन्छ ता पनि ती ग्रन्थहरू त्यति हदसम्ममात्रै मान्य हुन्छन् जबसम्म ती वेदानुकूल छन् । यदि कुनै कुरा वेदले एकथोक भन्दछ र अर्को ग्रन्थले अर्कैथोक भन्दछ भने वेदको विपरितचाहिँ कुरा

अमान्य ठहर्छ । अर्थात्, **वेदका सामुन्ने अरुको प्रमाण चल्दैन; वेदले जे भन्दछ त्यही प्रमाण हो ।**

तर वेदका शब्द तथा वाक्यहरूका अर्थ लगाउँदा विशेष सावधानीपूर्वक गर्नुपर्दछ । नत्र त आनकातान फरक पर्न गई अर्थको अनर्थ हुन्छ । मीमांसाकारले भनेका छन्कि वेदमा प्रायः रूपकबाट वर्णन भएको छ, यदि त्यसलाई नबुझी अर्थ गर्ने हो भने त के के हुन्छ के के । 'आँखा' भन्ने ठाउँमा 'सूर्य' हुनसक्छ र 'सूर्य' भनेर अर्थ गर्नुपर्ने ठाउँमा 'आँखा' हुनसक्छ । 'सैन्धव' भन्ने एउटै शब्दको अर्थ 'नून' पनि हुन्छ र 'सिन्धुदेशीय घोडा' पनि हुन्छ; अब तरकारी पकाउँदा सैन्धव मागेको छभने नून दिनुपर्‍यो र यात्राका निमित्त सैन्धव मागेको छभने घोडा दिनुपर्‍यो । यसरी अर्थ नगरेर जथाभावी अर्थ गर्दिने होभने त गडबड भइहाल्छ नि ! भएको पनि यस्तै छ ।

अहिले वेदउपर आक्षेप गर्नेहरूले यस्तै उल्टोपाल्टो अर्थ लगाएर, वेदलाई बुझ्दैनबुझी अनेक दोष देखाउने गर्दछन् । यदि वास्तविक अर्थ बुझ्ने क्षमता हुने होभने वेदजति वैज्ञानिक एवम् प्रामाणिक अर्को केही छैन । वेद नित्य छ । वेद शाश्वत छ । वेद सनातन छ ।[४]

<u>पादटिप्पणी</u> :

(१) योगी श्री अरविन्दको धारणाअनुसार वैदिक सूक्तहरूमा वर्णित देवताले मनोवैज्ञानिक कार्य-व्यापारलाई संकेत गर्दछन्; जस्तै– सूर्य=मेधा, अग्नि=इच्छा, सोम=मनोभाव, आदि ।

(२) यसलाई अन्य सन्दर्भको एक उदाहरणद्वारा पनि हेरौं ।

उर्दू भाषाको एउटा कविताको एक अंश यस्तो रहेछ : "यारको खाना खिलाया मैं ने अपने दस्त से । प्यास जब उस को लगी पेशाब मैं ने कर दिया ॥" अब यसको

माने बुझ्न खोजौं । यहाँ प्रयुक्त 'दस्त' शब्दको अर्थ 'हात' वा 'बिस्टा' (गू) हुन्छ भने 'पेशाब' शब्दको अर्थ 'मूत्र' (पिसाब) वा पानी पेश गर्नु (पेश-आब, आब माने पानी) हुन्छ । यस्तो पृष्ठभूमिमा सो कवितांशको 'अर्थ' गर्दा "आफ्ना हातले प्यारा मित्रलाई भोजन गराएँ, जब उनलाई प्यास लाग्यो मैले पानी पेश गरेँ" भन्नुपर्ने हुन्छभने उता 'अनर्थ' गर्दा साथीलाई बिस्टा र मूत्र खुवाएको हुन आउँछ । भन्नोस् 'अर्थ' गर्ने हो वा 'अनर्थ' ? के पाकिस्तानका उर्दू भाषाभाषीले आफ्ना मित्रलाई त बिस्टा र मूत्र ख्वाउँदा रहेछन् भनेर कसैले भन्योभने त्यस्लाई मगज सड्केको प्रमाणका रूपमा नलिने ?

'अर्थ' र 'अनर्थ'– यी दुई शब्दबीचमा अक्षरहरू गन्दाखेरिको फरक एक अक्षरकै हो; तर त्यसले पर्ने असर कता हो कता धेरै हुन्छ । बुझ न सुझसँग वेदका बारेमा बवल्काउने र जे मन लाग्छ उही आरोप लगाइदिने मूर्खतापूर्ण प्रवृत्ति पछिल्ला वर्षहरूमा नेपालमा पनि देख्नमा आएको छ । छिमेकी मुलुक भारतमा पनि 'सेकुलर' भनाउने पाखण्डीहरू, नास्तिक एवम् कम्युनिस्टहरू तथा विधर्मीहरूले एकोहोरो स्यालहुइँया मच्चाउँदै दशकौंदेखि वेद एवम् वैदिक मतका सम्वन्धमा अन्ट-सन्ट बक्वाद गरिरहेकै हुन् । आर्य यही भूमिको मूलवासी भएको तथ्यलाई सकेसम्म चर्को स्वरमा छोप्न खोज्ने देखिलिएर वैदिक आर्यहरू मांसाहारी थिए र गाईको समेत मासु खान्थे भन्नेजस्तो पातकी कुतर्क गर्नमा परपीडक मजा मान्ने प्रवृत्ति त्यस्ताहरूको विशेषता नै हो । यस्ता धूर्तहरूका प्रलापधारा बढ्दै जाँदा भोली "प्रस्थं कुमारिका मांसम्" श्लोकको शैतानी-अनर्थ गर्दै (प्रस्थं= एक पाउ, कुमारिका= बिहे नगरेकी कन्या केटीको, मांसम्= मासु) उहिलेका मान्छे त कन्या केटीको मासु खान्थे भन्न के बेर ! (हुनुपर्ने अर्थ यस्तो हो– प्रस्थं= एक पाउ, कुमारिका= कुमारी भनिने झारको, मांसम्= गुदी । अर्थात्– हाम्रातिर घिउकुमारी भनिने झारको गुदी एक पाउ खाने भनिएको हो ।

(३) महर्षि दयानन्द सरस्वतीको ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद ईश्वरकृत हुन् भन्ने मत पनि यहाँनेर स्मरणीय छ । वेद ईश्वरकृत भएकाले स्वतःप्रमाण भएको र अन्य ग्रन्थ परतःप्रमाण भएको उहाँको मत छ ।

"जसरी ईश्वर पवित्र, सर्वविद्यावित्, शुद्धगुणकर्मस्वभाव, न्यायकारी, दयालु आदि गुणवाला छन्– उसरीनै जुन ग्रन्थमा ईश्वरका गुण, कर्म, स्वभाव अनुकूल कथन छ त्यही ईश्वरकृत हो; अन्य होइनन् । अनि जसमा सृष्टिक्रम, प्रत्यक्षादि प्रमाण, आप्त एवं पवित्रात्माहरूको व्यवहार विरुद्ध कथन नभएको; तथा जसरी ईश्वर निर्भ्रम ज्ञानवाला छन् उस्तै निर्भ्रान्त ज्ञानको प्रतिपादन गर्ने पुस्तक ईश्वरोक्त हो । जस्ता परमेश्वर छन् एवम् जस्तो सृष्टिक्रम राखिएको छ उसरीनै ईश्वर, सृष्टि, कार्य, कारण र जीवको प्रतिपादन जुन ग्रन्थमा भएको छ– त्यहीनै ईश्वरकृत ग्रन्थ हो । अनि प्रत्यक्षादि प्रमाणको अविरुद्ध रहेको तथा शुद्धात्माको स्वभावको विरुद्ध नभएको; ईश्वरकृत भन्न मिल्ने ग्रन्थ वेद नै हो ।" (सत्यार्थ प्रकाश)

यद्यपि, वेदलाई मान्ने– तर यसलाई ईश्वरकृत नभई मानव-मस्तिष्कबाटै प्रादुर्भाव भएको आदिकालीन ग्रन्थ ठान्ने श्रद्धालुहरू पनि नरहेका चाहिँ होइनन् ।

(४) वेदका सम्बन्धमा मेरा पिताजी एवम् गुरुवर पण्डित रुद्रमणि अधिकारीको मत पनि म यहाँ उल्लेख गर्न चाहन्छु ।

"वेद विश्वको विधान हो भन्नुमा अत्युक्ति हुनेछैन । 'वेद'को अर्थ हो ज्ञान । ज्ञान भनेको जान्नु हो । जान्नका निमित्त सिक्नु पर्दछ । सिक्नुलाई शिक्षा भनिन्छ । शिक्षा प्राप्त गरिसकेका व्यक्तिहरू शिक्षित कहलाउँछन् र वास्तवमा उनीहरू शिष्ट बन्दछन् । यही शिष्ट शब्दमा आचार समेत जोडिएपछि बन्छ- शिष्टाचार । आचार शब्द आङ्ग उपसर्ग पूर्वक चर धातुबाट बनेको र आङ्गपूर्वक चर धातुको गर्नु अर्थ भएको हुनाले आचारको अर्थ

हो- गरिने कुरा । शिष्टहरूले गरिने कुरा शिष्टाचार र गर्न नहुने कुरा अनाचार भन्ने हाम्रो परम्परा छ ।

यो कुरा यसरी गर्नु भनेर सूत्र (छोटकरी) रूपमा सिकाउने र त्यसको विपरीत व्यवहार नगर्नलाई व्यवस्था गर्ने लिखत वा ग्रन्थलाई विधान भन्ने चलन छ । एकै वाक्यमा बताउनुपर्दाखेरिमा, वेद विश्वको विधान हो किनकि यसले शिष्टाचारको ज्ञान दिन्छ र मानव समाजलाई अनाचारबाट जोगाउँछ ।

वेदमा दुई किसिमको शिक्षा पाइन्छ । एक, व्यावहारिक र अर्को, पारमार्थिक । व्यावहारिक शिक्षा सूत्र रूपमा पाइन्छ र पारमार्थिक शिक्षा विस्तृत रूपमा । यसको रहस्य केभने– व्यावहारिक वस्तुहरू बदलिइ रहन्छन् । बदलिइ रहने वस्तुको विशेष बयान गर्नु व्यर्थ कुरा हुन्छ । पारमार्थिक वस्तु बदलिँदैनन्; ती सधैं एकनाश रहन्छन् । परमार्थ (सत्य-वस्तु) को पत्ता लगाउने हुनाले यिनलाई पारमार्थिक भनिएको हो र यस सम्बन्धी शिक्षालाई पारमार्थिक शिक्षा भनिन्छ । पारमार्थिक शिक्षाको अर्को नाम हो– अध्यात्मज्ञान ।"

पूज्य पिताजीद्वारा लिखित, वि.सं. २०२९ सालमा प्रकाशित पुस्तक "संक्षिप्त साङ्ग-श्रुति परिचय"मा पनि यही विचार व्यक्त भएको देख्नसकिन्छ ।

***

# प्रकरण – तीन
## मीमांसा-दर्शनले चिनाएको 'यज्ञ' र 'स्वर्ग'

मीमांसा-दर्शनले 'यज्ञ'लाई बडो महत्व दिएको छ । भनिएको छ : *स्वर्गकामोयजेत* । यसमा यज्ञ-कार्यको सम्पादनको उद्देश्य स्पष्ट रूपले स्वर्गको कामना बताइदिएको छ । तब यो कुरा बुझ्नु अत्यन्त जरुरी छ कि 'यज्ञ' तथा 'स्वर्ग' भनेर मीमांसाकारले केलाई लक्षित गरेका छन् ? 'यज्ञ' तथा 'स्वर्ग' लाई जनसाधारणले जुन अर्थमा बुझेका छन्, त्यो कति हद सम्म ठीक छ ?

'यज्ञ' भारतवर्षको जीवनको एक अति प्राचीन र सर्वव्यापी अंग हो । यो कुरा त सबैलाई थाहा छ कि संसारको सबैभन्दा पुरानो ग्रन्थ 'ऋग्वेद' हो । ऋग्वेदभन्दा पुरानो कुनै ग्रन्थ छैन । यो भारतवर्षीय धर्मको मूल आधार हो । ऋग्वेदबाट थाहा लाग्छकि यज्ञ भारतवर्ष निवासीहरूको सर्वोच्च धार्मिक कर्म थियो । एक हिन्दूको जीवनमा जन्मदेखि मरणसम्म जति संस्कार हुन्छन्, ती सबमा यज्ञ कुनै न कुनै रूपमा समावेश गरिएको छ । भगवद्गीताका अनुसार मनुष्यको जीवननै यज्ञमय छ । ऋग्वेदले यज्ञलाई मनुष्यको सर्वप्रधान धर्मकृत्य मान्दै यज्ञबाटनै जीवन सार्थक हुने बताएको छ । यज्ञका विविध स्वरूप छन् । गीताको 'सहयज्ञाः प्रजाः सृष्ट्वा' वाला श्लोकको तात्पर्य यही होकि प्रजाको प्रगति र कल्याणका सबै कार्य यज्ञरूप हुन् । चाहे ऋत्विजहरूद्वारा अग्निहोत्रका रूपमा गरियोस् अथवा दैनिक जीवन-निर्वाहका क्रममा कर्तव्यपालनका रूपमा गरियोस्, यी सबै कार्य 'यज्ञ' हुन् । यस कुरामा प्रष्ट हुनकालागि मनुस्मृतिको सन्दर्भ उपयोगी हुनेछ । मनुस्मृतिमा वेदाध्ययनलाई ब्रह्मयज्ञ, तर्पणलाई पितृयज्ञ, होमलाई देवयज्ञ, अतिथि सन्तर्पणलाई मनुष्ययज्ञ भनिएका उदाहरणबाट स्पष्ट हुन्छकि मानव जीवनका सबै महत्वपूर्ण कर्तव्यहरूलाई 'यज्ञ' नामले बुझाइएको छ । छान्दोग्य उ पनिषद्मा मनुष्यलाई यज्ञ-स्वरूप भनिएको तथा मनुष्य-जीवननै यज्ञ भएको बताइएको छ । मीमांसा-दर्शनले यो कुरा आत्मसात् गरेको हामी पाउँछौं ।

एक अवधारणा यस्तो छकि जीवनको उत्थान देवशक्तिको कृपाले हुनसक्छ र देवशक्तिसँग सम्बन्ध स्थापित गर्ने मुख्य साधन 'यज्ञ' हो । सांसारिक परिस्थितिमा रहेर जीवन निर्वाह गर्नेवाला हिन्दुकालागि देवाराधन मुख्य कर्तव्य हो र त्यसको माध्यम यज्ञ नै हो । गीतामा भगवान्ले भन्नुभएकै छ– यज्ञद्वारा देवता तिमीसँग प्रसन्न हुनेछन् र तिम्रो उन्नति तथा कल्याण गर्नेछन् । प्राचीनकालमा झैं 'दर्शपूर्णमास', 'ज्योतिष्टोम', 'अश्वमेध', 'राजसूय' आदिजस्ता धूमधामका यज्ञहरू हुनेजस्तो स्थिति आज छैन तापनि यज्ञको व्यापक अवधारणाले यो सदा सान्दर्भिक छ । यज्ञको व्यापक अवधारणा अनुसार मानव-जीवनका सबै महत्वपूर्ण कर्तव्यहरू यज्ञ हुन् ।

मनुष्यको आफ्नो कर्तव्यलाई सच्चा हृदयले आफ्नो सम्पूर्ण शक्ति लगाएर गर्नु नै वास्तविक यज्ञ हो । उदाहरणकालागि महाभारत शान्तिपर्वअनुसार प्रष्ट हुन्छकि समाजको अस्तित्व रक्षा र प्रगतिकालागि जति पनि आवश्यक कार्य छन् ती सब यज्ञरूप नै हुन् । यस दृष्टिले यज्ञको विरोध कुनै पनि बुद्धिमान व्यक्तिले गर्ने ठाउँ छैन र कुनै विवेकी व्यक्ति यज्ञका विरुद्धमा बोल्दैन ।

यज्ञकै नाम लिएर कतिपय गलत कार्य गरिएका वा गराइएका देखेर साराकासारा यज्ञप्रति नकारात्मक सोंच राख्नु बेठीक हो । गलत पक्ष हटाउन हिच्किचाउनु हुँदैन । तर यज्ञको महत्ता अस्वीकार गर्नु त मुर्खता हो । मुख्य कुरा भावनाको हो । जुनसुकै कर्म पनि यदि स्वार्थरहित भएर, परोपकारार्थ गरिन्छ त्यसले मनुष्यलाई उच्चतातर्फ अग्रसर गराउँछ र सदैव कल्याणकारी हुन्छ । यही सदैव कल्याणकारी भावना नै हो 'यज्ञीय-भावना', यसका साथमा साधारण कार्य पनि यज्ञकर्म हुन्छ[१] । पूर्वमीमांसा-दर्शनबाट हामीलाई यो थाहा लाग्छ ।

अब हामी विचार गरौं– मीमांसाकारले यज्ञलाई नै प्राथमिकता किन दिए ?

यो संसारमा ज्ञान तथा योगका मार्ग अवलम्वन गर्न सक्षम व्यक्ति कमै हुन्छन् र अधिकाधिक व्यक्तिहरू त सामान्य भोग

विलासमा नै रमाउने हुन्छन्; तिनीहरूकालागि वेदान्त दर्शनले बताएझैं तरिकाले ब्रह्मज्ञान एवम् आत्मज्ञान प्राप्त गर्नु कसरी सम्भव होला ! सांसारिक कर्ममा जेलिएकाहरूका निमित्त त देवाराधनको कर्मकाण्डद्वारा नै लौकिक-पारलौकिक कल्याण हुन्छ । यसै कारणलाई ख्याल राखी महर्षि जैमिनीले मीमांसा-दर्शनको आरम्भ 'ब्रह्म-जिज्ञासा'बाट होइन, 'धर्म-जिज्ञासा'बाट गर्नुभएको छ । लौकिक व्यक्तिहरूका निमित्त कर्मकाण्डमूलक धार्मिक-कृत्य नै उपयोगी छ र यसैबाट 'धर्म', 'अर्थ', 'काम', 'मोक्ष' चारै पुरुषार्थ सिद्ध हुन्छ ।

यज्ञको अर्थ तथा उपादेयता बारेमा चर्चा गरिसकेपछि अब 'स्वर्ग'को बारेमा बुझ्नु आवश्यक छ । वेदमा 'स्वर्गकामोयजेत' भनिएकोहुँदा यज्ञ र स्वर्गको सम्वन्ध अभिन्न रहेको स्पष्ट छ । मीमांसाकारले ठाउँ-ठाउँमा स्वर्गको बारेमा चर्चा गरेका छन् र स्वर्गको प्राप्तिकालागि विविध यज्ञहरूको विधान गरिएको छ । 'स्वर्ग' भन्नासाथ मानिसहरू त्यसको अर्थ आकाशमाथिको अन्तरिक्षमा अवस्थित कुनै विशेष लोक भन्ठान्छन् । मीमांसा-दर्शनले स्वर्गको यस्तो अर्थ मानेको छैन ।

मीमांसा-दर्शनका भाष्यकार शवर स्वामीले स्वर्ग भनेको यस्तो विशेष लोक वा कुनै खास जमिन नभएको र निरतिशय सुखलाई नै स्वर्ग भनिएको हो भनेर स्पष्ट पारेका छन् । अर्थात्, 'स्वर्ग' प्राप्त गर्ने भन्नाको अर्थ कतिपय मानिसहरूले जुन किसिमले - मरेपछि पुण्यात्मा व्यक्ति स्वर्गमा पुगेर त्यहाँ अप्सराहरूका साथमा बसी सम्पूर्ण सुख-सुविधा भोग गर्न पाइन्छ आदिइत्यादि भन्ने गरेका छन् त्यो ठीक होइन । स्वर्गको जुन किसिमले बयान गरिने गरेको छ, त्यो वास्तविक 'स्वर्ग-तत्व'भन्दा निक्कै तुच्छ छ ।

ऋषिहरूले आफ्नो ज्ञानदृष्टिबाट, वैदिक मन्त्रद्वारा प्रतिपादित धर्मलाई आत्मसात् गरी, हामीलाई जुन उपदेश दिएका छन्– त्यसको उद्देश्य मरेपछि अर्को लोकमा गएर सोमरस पिउने, अप्सराहरूसँग भोगविलास गर्ने, धन-ऐश्वर्य उपभोग गर्ने भन्नु त

ती महान् ऋषिजनप्रतिको अपमान हो, किनकि यस्ता कार्य त यहीँ यसै लोकमा अधर्मीहरूले पनि गर्न सकेकै छन् नि ! भनेपछि धर्मकर्मको उद्देश्य यति सामान्य चीज पक्कै होइन –स्पष्टै छ ।

हाम्रा धर्मशास्त्रहरूले/हाम्रा ऋषिमुनिहरूले हामीलाई जुन उपदेश दिएका छन्, त्यसको उद्देश्य समस्त मनुष्यको आत्मकल्याण हो । तसर्थ यिनले क्षणिक भौतिक सुखलाई गौण मानेका छन् र दुःखको समूल नाश अर्थात् दुःखको निवृत्तिलाई प्राथमिकता दिएका छन् । त्यही दुःखको निवृत्ति पश्चात्को निरतिशय सुखको अवस्थामा प्राप्त हुनुलाई नै स्वर्ग प्राप्ति भनिएको हो[२] । यसरी मीमांसा-दर्शनको 'यज्ञ' तथा 'स्वर्ग' सम्बन्धी अवधारणा वैज्ञानिकताले परिपूर्ण रहेको हामी पाउँछौं ।

<u>पाददटिप्पणी</u> :

(१) यज्ञको बारेमा चर्चा गर्दाखेरीमा विभिन्न विद्वानहरूले कस्ता-कस्ता किसिमबाट यसलाई व्याख्या गरेका छन् भन्नेतर्फ पनि हाम्रो ध्यान जानु उपयोगी नै हुनेछ । उदाहरणार्थ- डा. सर्वपल्ली राधाकृष्णन्को धारणाअनुसार वैदिक कालमा यज्ञ सांसारिक लाभ-प्राप्तिका लागि गरिने धार्मिक कृत्य थियो र यसको लक्ष्य स्वर्गीय सुख-प्राप्ति थिएन । तर यज्ञलाई सही अर्थमा बुझ्नकालागि मनुस्मृति-अनुरूपको अर्थ गर्नुपर्दछ भन्ने मेरो धारणा छ । वास्तवमा मीमांसा-दर्शनका प्रवर्तक महर्षि जैमिनी एवम् यस दर्शनका पुनःप्रतिस्थापक आचार्य कुमारिलको मत पनि सोही-अनुरूप रहेको छ ।

अर्को कुरा, युगसापेक्ष चिन्तन वा प्याराडाइम (Paradigm) बदलिएपछि शब्दका सन्दर्भ पनि बदलिन्छन् । त्यसैले आजको युगमा 'यज्ञ' शब्दको पनि व्यापक अवधारणात्मक अर्थ गर्नु पर्छ ।

यज्ञको व्यापक अवधारणा अनुसार मानव-जीवनका सबै महत्वपूर्ण कर्तव्यहरू यज्ञ हुन् । मनुष्यको आफ्नो कर्तव्यलाई सच्चा हृदयले आफ्नो सम्पूर्ण शक्ति लगाएर गर्नु नै वास्तविक यज्ञ हो । यो मत वैदिक मतसँग पूर्णतया मिल्दो पनि छ, किनकि

शतपथ ब्राह्मणमै भनिएको छ– 'यज्ञो वै श्रेष्ठतमं कर्म' (शतपथ. १।५।४।५)।

यज्ञको यस्तो व्यापक अवधारणाले मीमांसा-दर्शन सदा सान्दर्भिक ठहर्छ।

(२) वैदिक मतमा जुन लक्ष्यलाई 'स्वर्ग' भनिएको छ त्यसैलाई भगवान् बुद्धको शब्दमा यसैलाई 'निर्वाण' भनिएको छ भन्ने कतिपय विद्वानहरूको धारणा रहेको पाइन्छ। अन्तरिक्षस्थ स्वर्गको अवधारणामा विश्वास गर्नेहरूको संख्या पनि धेरैनै छ।

रोचक कुरा छकि पुण्यात्मा व्यक्ति स्वर्गमा पुगेर त्यहाँ अप्सराहरूका साथमा बसी सम्पूर्ण सुख-सुविधा भोग गर्न पाइन्छ भन्ने पौराणिक मतसँग ठ्याक्कै मिल्ने गरी बाइबल-कुरानमा पनि लेखिएको छ। अनि, स्वर्गको विपरितार्थकका रूपमा नर्कको अवधारणा पनि रहेको देखिन्छ।

तर स्वर्गको अर्थ अर्को लोकमा गएर सोमरस पिउने, अप्सराहरूसँग भोगविलास गर्ने, धन-ऐश्वर्य उपभोग गर्ने– यसरी मोज-मजा गर्ने स्थलको रूपमा लिनु वेद-असंगत हुनेछ। मीमांसाकारले गरेको अर्थ वैज्ञानिक छ।

***

# प्रकरण – चार
## दैवीशक्तिको यथार्थता

हिन्दूका तेत्तिस कोटी देवी/देवता छन् भनिन्छ । दैवीशक्तिबारेमा अनेक किसिमका धारणाहरू प्रचलित रहेका हामी पाउँछौं । कतिपय व्यक्तिहरू जसरी 'स्वर्ग' भन्नासाथ त्यसको अर्थ आकाशमाथिको अन्तरिक्षमा अवस्थित कुनै विशेष लोक भन्ठान्छन्, अनि मरेपछि पुण्यात्मा व्यक्ति स्वर्गमा पुगेर त्यहाँ अप्सराहरूका साथमा बसी सम्पूर्ण सुख-सुविधा भोग गर्न पाइन्छ आदिइत्यादि भन्ने गरेका छन्, त्यसरी नै 'देवता' भन्नासाथ त्यही स्वर्ग भनाउँदो कुनै अलौकिक स्थानमा रहेका र चमत्कारिक क्षमता भएका व्यक्तिगत-सत्ता-विशेष ठान्दछन् । तर यस किसिमका भनाइले हाम्रो मूल धर्मशास्त्र वेदको वास्तविक आशयलाई क्षयीकरण गराएका छन् ।

कतिसम्म भएको छभने जहाँ वेदमा 'इन्द्र'को महिमा र यशको वर्णन गरिएको छ, उही नामको चरित्र पुराणहरूमाचाहिँ सत्तापिपासु, स्त्रीलम्पट, इर्ष्यालु एवं भ्रष्टाचारी प्रवृत्तिको देखिन्छ । त्यसोहुँदा जनसाधारणचाहिँ भ्रममा पर्दछन्कि यथार्थता केहो केहो !

अनि, पौराणिक इन्द्रको कमी-कमजोरी वा गल्तीका निमित्त वैदिक इन्द्रले समेत अपयश खेप्नु परिरहेको स्थिति छ । राम्ररी अध्ययन गर्ने होभने यो तथ्य स्पष्ट छकि वेदमा वर्णित 'इन्द्र' भन्ने व्यक्तित्व र पुराणहरूमा वर्णित 'इन्द्र' भन्ने व्यक्तित्व पृथक् पृथक् व्यक्तित्वहरू हुन् ।

भिन्दाभिन्दै स्वभावका, तर नामचाहिँ मिल्ने यस्ता अनेक चरित्रका कारण यसरीनै गज्याङमज्याङ भइरहेको छ । तर जनसामान्यलाई यस्तो तथ्य कुरा ज्ञान नभएकोहुँदा उनीहरूचाहिँ रनभुल्लमा परिरहेको देखिन्छ । तब सवाल खडा हुन्छकि वेदको वास्तविक आशय कसरी थाहा पाउने त ?

हामीलाई थाहा छ : मीमांसा-शास्त्रले मानव जीवन, विशेषत: हिन्दू-समाजसँग सम्बन्धित अनेक समस्याहरूको समाधान गर्दछ । दैवीशक्ति यानेकि देवी-देवताबारेमा पनि मीमांसाकारको सहयोगले हामी यस सन्दर्भमा स्पष्ट हुन सक्छौं । मीमांसा-दर्शनले वेदमतलाई नै मुख्य प्रमाण मान्ने भएकाले वेदकाबारेमा मीमांसाकारको जत्तिको प्रामाणिक मत अरु मान्ने आधार छैन । तसर्थ वेदले 'देव'-शक्तिबारेमा के भनेको भन्नेबारेमा मीमांसा-शास्त्रको मत निर्णायक मानिनु स्वाभाविक हो । अर्थात्, वैदिक मतानुसार दैवीशक्तिको जुन यथार्थता छ– त्यसलाई मीमांसा-दर्शनले सही तवरले प्रस्तुत गरेको छ ।

मीमांसा-दर्शनले देवताहरूको नाममा विभिन्न प्रकारका यज्ञहरूको प्रेरणा दिएको छ । परन्तु यसको उद्देश्य तरह-तरहका साना/ठूला व्यक्तिगत देवी-देवताहरूको मान्यता प्रचार प्रसार गर्नु होइन, एकै ब्रह्मतत्व यसको लक्ष्य हो । अर्थात्, इन्द्र, वायु, अग्नि आदि अनेक नाममा देवतालाई आहुति दिँदाखेरी यसको लक्ष्य एउटै दैवीशक्तिप्रति छ ।

*वास्तवमा विष्णु, शिव, गणपति, इन्द्र, वायु, अग्नि आदिइत्यादि नामले एकै परब्रह्म परमेश्वरका विविध गुणहरूका सम्बन्धमा निर्देश गरिएको थियो, कालान्तरमा पछि सोही नामका व्यक्ति-विशेषको प्रताप एवं यशका कारण अत्यधिक प्रभावित भएका मानिसहरूले नाम-समानतालाई लिएर यसलाई नै बहुदेववादी अवधारणाका रूपमा बुझे र समय बित्दैजाँदा त्यही धारणालेनै पूर्ण स्थापित विश्वासको रूप ग्रहण गऱ्यो ।*

मीमांसाले यसको निराकरणको प्रयास गरेको छ । कतिपय शक्तिहरूमा प्रकाश प्रधान छ, संसारको अधिकांश काम उसैबाट चल्दछ र त्यसबाट प्राणीहरूको जीवन तथा उनीहरूको प्रगति संभव हुन्छ । त्यसैले वेदले पनि परमात्माको सर्वप्रथम रूप 'अग्नि' बतायो र यसको उपासना गर्ने आदेश दियो । वर्षाको महत्व, जीवनधारणका निमित्त यसको अनिवार्यता तथा अन्नोत्पादनहेतु यसको आवश्यकताले गर्दा परमात्माको एक रूप

'इन्द्र'को उपासना निर्देशित भयो । यसरी यथार्थताको धरातलमा हामीले बुझ्नु पर्दछ । साथै यो पनि याद गरिराख्नु पर्छ– यी बिभिन्न शक्तिहरूको मूलमा एकै ब्रह्म-तत्व नै स्थित छ । नत्र 'देवता' शब्दको अर्थ सही रूपमा हुँदैन ।

कर्मकाण्डमा यज्ञको आहुति जुन देवताहरूलाई दिइने विधान छ– त्यसको विवेचना गर्दै मीमांसा-दर्शनमा एक मुख्य कुरा यो भनिएको छकि देवताको अर्थ कुनै दूरवर्ती लोकमा रहेका सूक्ष्म या स्थूल शरीरधारी व्यक्ति विशेष होइन, परमात्माका विविध शक्तिहरू तथा जुन पदार्थहरू/जीवहरूमा ती शक्तिको विशेष विकास भएको छ तीप्रति यसको अर्थ लक्षित छ ।

सूर्य, चन्द्र, अग्नि, इन्द्र, वायु, आदित्य, सोम, अश्वनी, वरुण, प्रजापति, गणपति आदि जुन-जुन देवताहरूको उल्लेख वेदमा बारम्बार पाउन सकिन्छ– ती एउटै ब्रह्म-तत्व अर्थात् परमात्माका विभिन्न शक्तिहरू नै हुन् । *पुराणमाचाहिँ कतिपय अवस्थामा वेदमाजस्तै ब्रह्म-तत्व बुझाउन र कतिपय अवस्थामाचाहिँ समान नामका कोही प्रतापी एवं यशस्वी अवतारी व्यक्तित्व, सिद्ध, महात्मा तथा प्रबुद्ध व्यक्तित्वका सन्दर्भमा पनि ती नामहरू उल्लेखित छन्* । यिनै प्रतापी एवं यशस्वी अवतारी व्यक्तित्व, सिद्ध, महात्मा तथा प्रबुद्ध व्यक्तित्वहरूलाई समेत ध्यान राखेर हिन्दूका तेत्तिसकोटी देवता मानिएको जस्तो लाग्दछ । यसरी तेत्तिसकोटी संख्यामा पूजनीय/श्रद्धेय/आदरणीय महान् आत्माहरूको परम्परा उत्तराधिकारमा प्राप्त हुनु हिन्दू-समाजकालागि एकदमै गौरवपूर्ण छ । यसमा सनातन धर्मावलम्बी हिन्दूहरूको अवतारवादको रहस्य छ ।[1]

हाम्रो मान्यता अनुसार *यदि परमात्माका शक्तिहरू विभिन्न पदार्थहरू तथा जीवहरूमा विशेष गुणका रूपमा प्रकट हुन्छन् भने तिनलाई पनि 'देवता' भनिएको पाइन्छ* वा *भन्न सकिन्छ* । अनि 'कर्म'को आधारमा कुनै पनि मनुष्यले देवत्व प्राप्त गर्न सक्ने कुरा हाम्रा धर्मशास्त्रमा बताइएको पनि यहींनेर स्मरणीय छ ।

तात्पर्य केभने यो समस्त विश्व परमात्माकोनै विराट रूप हो, तसर्थ प्रत्येक प्राणी परमेश्वरकोनै अंशरूप हो र त्यसमध्येमा यदि जहाँ-कहिँ पनि कसैमा कुनै विशेष गुण या शक्ति –( सामान्यतया जोकोहीमा नपाइने)– देखियो भने त्यसलाई परमात्माको विशेष विभूति मानेर सम्मान गर्ने गरिएको पाइन्छ । विशिष्ट क्षमतावान्लाई सम्मान गरिनु स्वाभाविक नै हो । लोक-कल्याणकारी महान् आत्माहरूको सम्मान गर्नु मनुष्यको कर्तव्य हो । हिन्दू-समाजमा यो कुरा जीवनशैली नै बनेको छ र हिन्दू-समाज अवतारी व्यक्तित्व, सिद्ध, महात्मा तथा प्रबुद्ध व्यक्तित्वहरूमा इश्वरीय अंशावतार देख्दछ । त्यसोहुँदा त्यस्ता अवतारी सिद्ध महात्माहरूका उपदेशहरूलाई अनुशरण गर्दै विभिन्न सम्प्रदायको स्थापना समेत भएको हामी पाउँछौं ।[२]

वेदमा भनिएको छ– जति पनि देवता हुन् ती सब एक परब्रह्मका शक्तिका विभिन्न रूप हुन् । इन्द्र, अग्नि, वायु, वरुण, अश्वनी, रुद्र आदि सब एकै परमात्माका नामहरू हुन् । यस्तै नामका कोही प्रतापी व्यक्ति छन् भन्दैमा वेदमा सोही व्यक्तिबारेमा वर्णन गरिएको भन्ठान्नु हुँदैन ।

बुझ्नुपर्ने कुरा छकि 'देव' शब्द त परमात्माकोलागि सदैव उपयोग गरिन्छ नै । तर, कसैलाई 'देव' भन्नासाथ उसलाई परब्रह्म परमात्मानै मानेको भन्ठान्नु हुँदैन ।[३] अनि, शास्त्रमा कहाँनेर स्वयम् परमात्मा परब्रह्मलाई त्यस उपाधिले लक्षित गरिएको छ र कहाँनेरचाहिँ कुनै व्यक्तित्व-विशेषलाई लक्षित गरिएको छ भन्ने यथायथ गर्न सक्नुपर्दछ ।

संक्षेपमा भन्नुपर्दा, यज्ञ-यागादिमा कुनै देवता-विशेषलाई लक्ष्य गरेर आहुति दिने जुन विधान छ; त्यो वास्तवमा परब्रह्मलाईनै हो । मीमांसा-दर्शन अनुसार देवता मन्त्रात्मक हुन्छन् र मन्त्र जप गरी आहुति दिंदा त्यो परब्रह्मप्रति समर्पित हुन्छ –जसबाट सम्पूर्ण जगत्को कल्याण हुन्छ । यसरी देव-शक्तिको वास्तविक तत्वज्ञान गराउने उद्योग मीमांसाकारले गरेका छन् ।

जनसमुदायले अर्थ नै नबुझी देव पूजन गर्ने अथवा विरोध गरिहिंड्ने जुन स्थिति छ, त्यसको निराकरण मीमांसा-दर्शनद्वारा हुनसक्ने देखिन्छ । तर मीमांसा-दर्शनको पठन–पाठन नभइरहेको यो अवस्थामा त्यो काम कसरी हुन सक्ला ![४]

**पादटिप्पणी** :

(१) 'अवतारवाद' हाम्रो संस्कृतिको विशिष्ट अवधारणा हो । पुराण, महाभारत तथा रामायण जस्ता ग्रन्थमा विभिन्न ईश्वरीय अवतारका कथा/गाथा प्रशस्त भेटिइन्छन् । धर्मशास्त्रमा वर्णित विविध अवतारका प्रसंग जति रोचक छन्, त्योभन्दा बढी रहस्यमय पनि छन् । एक अवधारणा यो छकि सम्पूर्ण प्राणी, पदार्थ, तत्व सबैनै ईश्वरका अंश हुन् । उहाँ प्रत्येक मनुष्यको हृदयमा हुनुहुन्छ र वाहिर पनि हुनुहुन्छ । अर्थात्, हामीले साक्षात्कार गर्न नसकेकोमात्र हो, हुनचाहिँ परब्रह्म परमात्मा परमेश्वर सर्वव्यापी एवं सदा-विद्यमान् हुनुहुन्छ र यो सारा सृष्टि उहाँकै विभूति हो । तथापि जबसम्म उहाँ आफ्ना विशेष शक्तिकासाथ प्रकट हुनुहुन्न तबसम्म हामी उहाँसँग साक्षात्कार गर्न सक्दैनौं । हाम्रा पुराणमा मत्स्य, कूर्म, वराह, नृसिंह, हैहय आदिजस्ता अवतारहरूले यसै तथ्यलाई राम्ररी स्पष्ट पार्दछन् । यस वैदिक सनातनी हिन्दूधर्मको अवधारणालाई बौद्ध धार्मिक परम्परामा महायान सम्प्रदायले राम्ररी ग्रहण गरेको छ, जसअनुसार सबै जागरुक प्राणी मोक्ष र बुद्धत्व प्राप्तिको अधिकारी छ । यसले यो सारा सृष्टि परब्रह्मको विभूति हो र प्रत्येक प्राणी आत्मज्ञान प्राप्त गरेर ब्रह्म-तत्वमा लय भई "अहम् ब्रह्मास्मि"को तहमा पुग्न सक्दछ भन्ने वैदिक मान्यतालाईनै अर्को शब्दमा दोहोर्‍याएको हो ।

कतिपय अवतारमाचाहिं जन्मको बेलामा साधारण मनुष्यभैंं उनको जन्म हुन्छ, तर विशेष समय हुनासाथ उनमा निहित शक्ति प्रकटित हुन्छ र उनको अलौकिकता सिद्ध हुन्छ । यस सन्दर्भमा वामन र परशुराम अवतारको उदाहरण लिन सकिन्छ । पुराणहरूमा वर्णित जीवनी अनुसार जन्मेको धेरैपछिसम्म पनि उहाँ ईश्वरीय अवतार भएको तथ्य अप्रकटित हुन्छ । तर, उपयुक्त

समयमाचाहिँ उहाँहरूमा निहित विशेष शक्ति स्वाभाविक तवरले प्रकटित भएको पाइन्छ र तत्कालीन समाजमा उहाँहरूको ईश्वरत्व पनि स्वतः मान्य भएको बुझिन्छ ।

भगवान् श्रीराम, बुद्ध, जगद्गुरु शङ्कराचार्य आदिजस्ता ईश्वरीय विभूतिमा उहाँहरूका जन्मकालबाटनै दिव्य शक्ति स्पष्टसँग प्रकटित रहेको थियो भन्ने विभिन्न ग्रन्थमा उल्लिखित रहेको पाइन्छ । तर, आवश्यक परेको बेलामा बाहेक अन्य समयमा ईश्वरीय विभूतिद्वारा साधारण मनुष्य जुन परिस्थितिमा हुन्छ त्यही परिस्थिति अनुकूल बिल्कुलै साधारण मनुष्यतुल्य लीला गरिन्छ । बडो रोचक कुरा छ –उनै श्रीकृष्ण सर्वशक्तिमान् पनि छन्, फेरि उनै श्रीकृष्णले ग्वालबालसँग खेलमा हारेर सजायँ पनि खाइदिन्छन्, अनि अर्जुनको आग्रहमा उनको सारथी बनेर घोडा हाँक्न र युधिष्ठिरको राजसूय यज्ञमा अतिथीहरूको खुट्टा धुन समेत स्वीकार गर्दछन् । भगवान् श्रीराम सर्वशक्तिमान् हुँदाहुँदै पनि सीता-वियोगमा डाँको छोडेर रुनुहुन्छ । भगवान् जगद्गुरु शङ्कराचार्य गोहीसँग आत्तिएर आमालाई पुकारा गर्नुहुन्छ । अनि बुद्धजस्ता परम् ऐश्वर्यवान् व्यक्ति सारा लोकसँग भिक्षा मागेर पेट भर्नुहुन्छ । बडा-बडा विद्वान भनाउँदाहरूको दिमाग चक्कराएको छ ईश्वरीय लीलाका रहस्यको भेउ पाउन नसकेर ।

'अवतारवाद'को रहस्य र हेतुलाई स्वामी रामसुखदासले उहाँको साधकसंजीवनी टीका (श्रीमद्भगवद्गीता) मा एक घतलाग्दो उदाहरणबाट प्रष्ट्याउने प्रयास गर्नुभएको छ । जब हामी तोते बोली बोल्ने कुनै शिशुलाई केही कुरा सिकाइरहेका हुन्छौं, तब त्यतिखेर उसकैजस्तो बोली बनाएर बुबु, माम, चाचा, पापा आदि भनिरहेका हुन्छौं । 'दूध' नभनेर 'बुबु', 'भात' नभनेर 'माम', 'खेलौना' नभनेर 'चाचा', 'मासु' नभनेर 'चीची' आदि भनेको आफ्नो अज्ञानताका कारणले हो त ? आफूले नजानेको भएर त्यस्ता शब्द भनेका होइनौं हामीले । बालकलाई वर्णमाला पढाउँदा 'कपुरी क', 'भित्र बाटुलो ख', ...... भन्दै दोहोऱ्याइरहँदा हामी आफूले नजानेको भएर त्यसरी पढिरहेका हुँदैनौं । यथार्थता

केहोभने बालककै स्थितिमा आएर, बालकजस्तै बनेर सिकाउँदा, उसलाई बुझाउँदा बालकले चाँडै ग्रहण गर्नसक्ने भएकाले उसको सुगमताकानिमित्त हामी शिशुवत् व्यवहार गरिरहेका हुन्छौं । बस्, गाँठी कुरा यहींनेर छ ।

मानव-कल्याणनै ईश्वरीय अवतारको हेतु हो । माथिको उदाहरणमा जसरी हामी स्वयम् सक्षम हुँदाहुँदै पनि शिशुकालागि आफू पनि शिशुवत् व्यवहार गरेर आनन्दित हुन्छौं, त्यसरीनै भगवान् पनि हाम्रानिमित्त हामी सामान्य जनजस्तै बनेर अवतरित हुनुभई हाम्रैजस्तो परिस्थितिबाट हामीलाई शिक्षा दिनुहुन्छ । हो, विशेष कहिँनकहिँबाट उहाँको विशेषता प्रष्टिइहाल्छ र मान्छेको भीडबीचबाट ईश्वरीय अवतारको पहिचान स्पष्टसँग छुट्टिइहाल्छ ।

पुनश्च:, वेदमा अवतारवाद छँदैछैन भन्ने विद्वानहरू पनि हुनुहुन्छ । श्रीराम, श्रीकृष्ण आदि परम् धर्मात्मा महात्मा भएको, तर परमेश्वरका अवतार नभएको उहाँहरूको मत देखिन्छ । साथै, यी नाम एकै परमात्मा परब्रह्मको भएको र यही नामका यशस्वी महान् व्यक्तित्व पनि रहेको हुँदा जनसामान्यले समयक्रममा परब्रह्म र महान् व्यक्तित्वबीचमा साम्यता गरी पृथक्ता नदेखेको मत पनि यहाँनेर स्मरणीय छ ।

(२) हुन त हिन्दू-इतर समाजमा पनि यो कुरा लागू हुन्छ, जस्तोकि मोहम्मदलाई 'अल्लाह'को पैगम्बर ठान्नु, जीसस क्राइस्टलाई ईश्वर-पुत्र ठान्नु, आदि । हिन्दू-समाजमा यो क्रम पछिल्ला दिनहरूमा पनि निरन्तर कायम छ । ब्रह्मकुमारीहरूको ब्रह्माबाबाको अवधारणा वा साईभक्तहरूको साईबाबाको अवधारणा यस्तै उदाहरणहरू हुन् ।

(३) जस्तै– नेपालमा शाहवंशीय राजाहरूको नामका अन्त्यमा 'देव' उपाधि रहेको हुन्छ । यसको अर्थ के होइनभने राजा स्वयम् साक्षात् परमात्मा परमेश्वर हुन्; प्रत्युत जसरी सारा जगत्मा परमेश्वर अधिपति छन् उसरीनै यस देशको अधिपति राजा हुन् अथवा जसरी भक्तहरूको मनमा देवप्रति श्रद्धा-भक्ति

हुन्छ उसरीनैं जनताको मनमा राजाप्रति श्रद्धा-भक्ति होओस् भन्ने आशय हो । अथवा, आध्यात्मिक ईश्वरको भौतिक/राजनीतिक प्रतिरूप मानिएको हो ।

(४) देवताको अर्थ कुनै दूरवर्ती लोकमा रहेका सूक्ष्म या स्थूल शरीरधारी व्यक्ति विशेष होइन, परमात्माका विविध शक्तिहरू तथा जुन पदार्थहरू/जीवहरूमा ती शक्तिको विशेष विकास भएको छ तीप्रति यसको अर्थ लक्षित छ भन्ने मीमांसा-दर्शनको मत अति युक्तिपूर्ण त छँदैछ; साथै यसबाट विभिन्न सम्प्रदायबीचमा समन्वयको आधार पनि सहजै प्राप्त हुन्छ । गुणग्राहिता, सन्त व्यक्तित्वप्रतिको आदरभाव, अनेकतामा एकता एवं वैदिक एकेश्वरवादको संगति यसमा एकैसाथ समेटिन सक्दछ ।

***

# प्रकरण – पाँच
# कस्तो 'कर्म' गर्ने ?

मीमांसा-दर्शनको मुख्य आधार 'कर्म-सिद्धान्त' हो । यस प्रवृत्तिलाई देखेर विभिन्न दर्शनहरूको सार बताउने क्रममा "कर्मेति मीमांसका:"[1] भनिएको छ । यसको आशय केभने मीमांसाको दृष्टिमा ईश्वरसँग समता गर्न सक्ने सबभन्दा ठूलो तत्व 'कर्म' हो । यस सम्बन्धमा थप चर्चा गर्नुअघि हामीले केही आधारभूत तथ्य बुझ्नैपर्छ ।

सनातन वैदिक संस्कृति-परम्परामा राम्ररी ध्यान पुऱ्याइएको छकि मनुष्य चाहे जुनसुकै वाद/मत/सिद्धान्त मान्नेवाला भएता पनि, अनि जुनसुकै परिस्थितिमा रहेको भएता पनि उसलाई आफ्नो कल्याणको मार्ग स्पष्ट होओस् र ऊ परम्‌तत्व-प्राप्तिबाट वञ्चित नहोओस् । अत:, मनुष्यका सामुन्नेमा जेजस्ता परिस्थिति हुन्छन्, तत्-तत् परिस्थितिमै उसको आफ्नो र समग्र समाजको कल्याणको उपाय प्रदान गर्न वैदिक परम्परामा विविध दर्शन, विविध वाद/मत/सिद्धान्त तथा सम्प्रदाय बनेका हुन् ।

हुन पनि मानव समाज सर्वत्र उही र उस्तै छँदा पनि छैन, र मानव समाज सर्वत्र उही र उस्तै हुने सम्भावना पनि छैन । विविधता त सृष्टिको नियमनै हो । त्यसकारण समय तथा स्थानका विशेषता अनुरूप संस्कार, संस्कृति, प्रणाली, पद्धति आदिमा विविधता हुनु स्वाभाविक हो । त्यो स्वाभाविक विविधता कुरो नबुझ्ने व्यक्तिका दृष्टिमा विरोध वा विवाद ठानिन पनि बेर लाग्दैन ।

हामीले के बुझ्नुपर्दछभने सांख्य, वेदान्त, न्याय, वैशेषिक, योग र मीमांसा जस्ता दर्शनहरूले मानवलाई एउटै ब्रह्म-तत्वलाई आफ्नो सुबिस्ता अनुसार आत्म-साक्षात्कार गर्ने विविध उपायहरू प्रदान गरेका हुन् । यी दर्शनहरूमा कुनै विरोधाभाष छैन[2] । एउटै 'साध्य'लाई प्राप्त गर्ने विविध 'साधन'हरू हुन् ती । श्रीमद्‌भगवद्‌गीतामा यही तथ्यलाई स्पष्ट पारिएको छ ।

गीताबाट हामीलाई थाहालाग्छकि कर्मयोग, ज्ञानयोग, भक्तियोग –यी तीनैवटा साधन साधकलाई स्वतन्त्रतापूर्वक परमात्मतत्व प्राप्त गराउन सक्षम छन् । सनातन हिन्दू धर्म अवलम्बन गर्नेहरूलाई र यस सम्बन्धमा अध्ययन गर्न चाहनेहरूलाई सर्वप्रथम यो तथ्य राम्ररी ज्ञात हुनुपर्दछकि विभिन्न दर्शनशास्त्र, विभिन्न सम्प्रदाय तथा वाद/मत/सिद्धान्तहरू सबै मानव-कल्याणकालागि हुन् र तीमध्ये कुनचाहिँ 'साधन' प्रयोग गर्ने भन्ने निर्णय त देश, काल, परिस्थिति सबैथोक विचार गरेर हुन्छ ।

जहाँसम्म मीमांसा-दर्शनको कुरा छ, यसको सन्दर्भमा चर्चा गर्दाखेरीमा पनि यो दर्शनको आविर्भाव हुँदाको परिस्थिति बुझ्नु पर्दछ । यसबारेमा हामीले पहिलो प्रकरणमा पनि चर्चा गरेका थियौं । यहाँ पुनः स्मरणीय छकि समाजमा धर्मप्रतिको आस्था अत्यधिक भएको त्यो समयमा मानिसहरूलाई कर्मरत रहिरहन धर्मकै माध्यमबाट प्रेरणा दिँदाखेरीमा बढी प्रभावकारी हुने तथ्यलाई ध्यानमा राखेर पनि मीमांसाकारले 'कर्म'लाई प्रमुखता दिएका हुन् ।

कतिपय मीमांसक विद्वानहरूले कर्मको विभाजन तीन श्रेणीमा गरेका छन् – सहजकर्म, जैवकर्म, ऐशकर्म । प्रकृतिको आरम्भिक अवस्थामा जो कर्म प्रकट हुन्छ, ब्रह्माण्ड र पंचमहाभूतको उत्पत्ति, उद्भिजको रूपमा जीव सृष्टिको आरम्भ हुनु 'सहजकर्म' मानिन्छ । मीमांसा-दर्शन यसलाई प्रकृतिको कर्म मान्दछ । यसपछि जब उद्भिजबाट हिंडडुल गर्नेवाला प्राणी बनेर अन्तमा मनुष्यको आविर्भाव हुन्छ, तब 'जैवकर्म' आरम्भ हुन्छ । मनुष्यलाई बुद्धि, विवेक प्राप्त हुनाले ऊ आफ्ना कर्मका परिणाम तथा पाप/पुण्यको निर्णय गर्न र इच्छाअनुसार कुनै पनि मार्गको अवलम्बन गर्न सक्दछ, –त्यसैले ऊ आफ्नो कर्म अनुसारको फल प्राप्त गर्दछ । यस अवस्थामा ऊ वेद, उ पनिषद्, पुराण जस्ता धर्मग्रन्थआदिको सहायताले आत्मिक उन्नतिको मार्गमा अग्रसर हुनुपर्दछ, किनकि यसैमा मानव जीवनको सार्थकता छ ।

'ऐशकर्म'को सम्बन्ध मनुष्य भन्दा उच्चतर स्थितिसँग छ र साथमा मनुष्यलोकसँग पनि उसको परोक्ष सम्बन्ध रहन्छ । यसै कर्मको प्रभावले मनुष्य देवताको तहमा पुग्न सक्षम हुन्छ र परमात्मा प्राप्तिको मार्गमा निरन्तर अग्रसर बन्दछ । 'कर्म'को आधारमा कुनै पनि मनुष्यले देवत्व प्राप्त गर्न सक्ने कुरा हाम्रा धर्मशास्त्रमा बताइएको छ ।[३] यसरी कर्मको महिमा अपरम्पार छ ।

वैदिक परम्पराका दर्शन-शास्त्रले मनुष्यका आधिभौतिक, आधिदैविक, आध्यात्मिक सबै तहलाई सम्बोधन गर्दछन् ।[४] धर्म अर्थ, काम, मोक्ष चारै पुरुषार्थलाई यी सम्बोधन गर्छन् । मीमांसा-दर्शन पनि यस विशेषताले युक्त छ र यसको कर्म सिद्धान्त पनि । अर्थात्, मीमांसाको कर्म सिद्धान्त मनुष्यको आधिभौतिक, आधिदैविक, आध्यात्मिक सबै तहका लागि हो ।

सामान्य सांसारिक परिवेशमा विचार गर्ने होभने त कर्मको महिमा झन् सहजै सिद्ध हुन्छ । संसारमा विभिन्न जाति, देश, समाज तथा व्यक्तिहरूको उन्नति वा अवनतिको मूलआधार कर्मनै रहेको छ । जस्तो कर्म, उस्तै फल । यो कुरा स्पष्ट छ । 'कर्म' गर्नुपर्दछ भन्नेमा शायदै कसैले विरोध जनाउला । आधुनिक भौतिकवाद देखिलिएर वैदिक अध्यात्मवाद सम्म सबैले कर्मको अनिवार्यताबारेमा जोड दिएका छन् ।

तर आधुनिक भौतिकतावादले आफ्नो सीमितता अनुरूपनै 'भौतिक-कर्म'लाई मात्र महत्व दिएर त्यसैमा अल्मलिएको छ । वैदिक दर्शन, संस्कृति, संस्कार एवं परम्परामाचाहिँ 'भौतिक-कर्म' साथसाथै 'आध्यात्मिक-कर्म'लाई महत्व दिइएको छ । यसको कारण पनि सुस्पष्ट छ– वैदिक सनातन हिन्दू-दर्शन मानवजीवनको सम्पूर्णतालाई लक्ष्य गर्दछन्भने अरुहरूचाहिँ अपूर्णतामा अल्झिएको हुनाले त्यस्तै लक्ष्य लिन्छन् । अन्य सनातन हिन्दू दर्शनहरूझैंनै मीमांसा-दर्शनले पनि मानवजीवनको सम्पूर्णतालाई लक्ष्य गर्दछ ।

विद्वानहरू भन्दछन्कि दार्शनिक दृष्टिकोणको विचारले मीमांसा-दर्शन अध्यात्मवाद भन्दा पनि भौतिकवाद तर्फ बढी ध्यान दिन्छ, – तर यो *आस्तिक भौतिकवाद* हो ।

मीमांसा-दर्शनको भौतिकवाद र नास्तिक भौतिकवादमा आकाश–पातालको फरक छ । मीमांसाको भौतिकवाद त भौतिक उन्नतिलेसमेत परिपूर्ण रहेको आध्यात्मिक उन्नति हो । अर्थात्, यो सर्वाङ्गीण उन्नति हो । आजको सन्दर्भमा भन्नुपर्दा धर्म र विज्ञानको समन्वय[५] मीमांसा-दर्शनको विशेषता हो ।

'सहजकर्म' त प्रकृतिको कर्म भएकाले यसमा मनुष्यको भूमिका हुँदैन । तर 'जैवकर्म' तथा 'ऐशकर्म' त मनुष्य आफैंले गर्नुपर्ने/गर्नसक्नेहुँदा यिनकोबारेमाचाहिँ मनुष्य स्वयम्नै जिम्मेवार हुन्छ । मान्छेको जुनि पाएर वास्तविक मनुष्य बन्नकानिमित्त 'जैवकर्म' त मान्छेले राम्ररी गर्नैपर्दछ । मीमांसा-दर्शनको 'जैवकर्म' अन्तर्गत भौतिक एवं आध्यात्मिक सबै प्रकारका उन्नति समेटिएको छ ।

संक्षेपमा मीमांसा-दर्शनको कर्म सम्बन्धी अवधारणालाई तल उद्धृत एक श्लोकले पनि राम्ररी प्रस्तुत गरेको छ – "तदकर्मणि च दोषस्तस्मात्ततो विशेषः स्यात्प्रधनानेनाऽपिसम्बन्धात् ।"

अर्थात्, जुन कर्म परमात्माको प्राप्तिकोलागि गरिँदैन, त्यसबाट उदासीन रहेर गरिन्छ, वेदको मतानुसार त्यो कर्म सदोष र निष्फल हुन्छ । त्यही कर्म उत्तम हो जसको सम्बन्ध परमात्मासँग होस् ।

<u>पादटिप्पणी</u> :

(१) यस्ता थुप्रै श्लोकहरू देखिन्छन्; जसमध्ये एउटा उदाहरणार्थ प्रस्तुत छ ।

*यं शैवा समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो*
*बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः ।*
*अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः*
*सोऽयं नो विदधातु वाञ्चितफलं त्रैलोक्यनाथो हरिः ॥*

(२) हेर्नू– माथि प्रकरण एकमा पादटिप्पणी संख्या एक ।

(३) त्यो 'देवत्व' वास्तवमै देवत्व हो या संज्ञामात्र हो भन्नेमा विभिन्न विद्वानका मत पृथक् पृथक् रहेको देखिन्छ ।

(४) सबैमा यस्तो विशेषता हुँदैन । उदाहरणार्थ– मार्क्सीय दर्शन फगत् आधिभौतिक तहमा सीमित छभने इसाई दर्शनले आधिभौतिकको अलावा आधिदैविक तहमा पनि चियाउन प्रयास गरेको छ । फ्रायडले पनि मानसिक तहसम्म उक्लेर मानिसको अध्ययन गरेका छन् । तर आधिभौतिक, आधिदैविक साथसाथै आध्यात्मिक सबै तहलाई सम्बोधित गर्न सक्षम त वैदिक दर्शन मात्र छन् । थप अध्ययन गर्न चाहनेहरूका लागि मेरो शोधपत्र 'हिन्दू अवधारणामा सञ्चार प्रक्रिया' (पूर्वाञ्चल विश्वविद्यालय) सान्दर्भिक छ ।

(५) नदीका दुई किनारा कदापि नभेटिएजस्तै धर्म र विज्ञानको पनि मिलन-विन्दु हुनैसक्दैन भन्ठान्नेहरू यत्रतत्र पाइन्छन् । आध्यात्मिकता र वैज्ञानिकता एकदमै विपरित ध्रुवमा छन् भन्छन् कतिपय मानिसहरू । सांच्चै अधिकाधिक मानिसहरू धर्म र विज्ञान एक-आपसमा विकर्षित हुने विषय-वस्तु ठान्छन् । यस्तो परिवेशमा हामीहरूमध्ये पनि धेरैलाई उही भ्रमले गाँज्नु आश्चर्यको कुरो होइन । तर वास्तविकतामा धर्म र विज्ञानबीचमा कुनै मौलिक विरोध छैन ।

धर्म र विज्ञान प्रक्रियागत रूपमा कसरी फरक छन् भने विज्ञान भौतिक जगत्को जगमा स्थित जिज्ञासाको घरमा बसेर सत्यको अन्वेषण गर्छ भने धर्म आन्तरिक रूपमा आत्मामा प्रतिष्ठित भएर सत्यको साक्षात्कार गर्दछ । धार्मिकता र वैज्ञानिकता, दुवैको लक्ष्य सत्य उद्घाटित गर्नु नै हो । यी दुवैको लक्ष्य उन्नति, प्रगति, विकास र सुख नै हो, अनि कल्याण र शान्ति नै हो ।

यससम्बन्धमा थप चर्चाकोलागि मेरा दुई पुस्तिकाहरू "धर्म र विज्ञान" (वि.सं. २०५३ मा 'तरङ्ग साहित्यिक अभियान'द्वारा प्रकाशित) र "वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान" (वि.सं. २०६१ मा युग निर्माण अभियान नेपालद्वारा प्रकाशित) उपयोगी हुनेछन् ।

***

# प्रकरण – छ

## मीमांसा-दर्शनका दृष्टिमा बलिप्रथा एवम् मांसाहार

अहिले संसारभरि सर्वेक्षण गर्ने हो भने मांसाहार गर्नेहरूको संख्या शाकाहारीहरूको तुलनामा धेरैगुना बढी छ होला । भनिन्छ– सत्ययुगमा सारा मनुष्यहरू शाकाहारी थिए । सात्विक धार्मिक प्रवृत्तिका व्यक्तिहरूको यस भनाइमा विश्वास छ । तर सत्ययुगका बारेमा, अनि तत्कालीन समाजबारेमा साङ्गोपाङ्ग वर्णन गर्नसक्ने स्थितिमा अहिले हामी छैनौं । यद्यपि, वेदमा मांसको विधान नभएको भन्ने पक्षका आधारमा सत्ययुगमा सारा मनुष्य शाकाहारी भएको कुरा सत्य-तथ्य लाग्दछ । यसबारेमा मतैक्यता नभइसकेको अवस्थामा पहिले वेदको विधानलाई नखुट्टयाइकन यसबारेमा कुनै ठोकुवा गर्नु हुँदैन ।

ऐतिहासिक-कालदेखिचाहिँ प्राचीन समाजबारेमा हाम्रो ज्ञान केही विस्तृत हुन्छ र त्यसका आधारमा भन्नुपर्दाखेरी के देखिन्छभने मनुष्यले मांस भक्षण गर्नु उचित हो वा अनुचित हो भन्नेबारेमा संसारमा न कहिल्यै एकमत भएको थियो, न त निकट भविष्यमा त्यसो हुने कुनै संकेत छ । जसरी व्यक्तिगत तवरमा मांस भक्षण गर्ने वा नगर्ने भन्ने विवाद निक्कै अघिदेखि चल्दै आइरहेको छ त्यसरीनै यज्ञमा मांस प्रयोग गर्नु हुन्छ वा हुँदैन भन्ने विवाद  पनि धेरै पहिलेदेखिको हो ।

यो विवादको यथायथ गर्ने बेलामा हामीले ख्याल राख्नैपर्ने तथ्य के होभने 'यज्ञ' वैदिक-कर्म भएकोहुँदा यसबारेमा वेद-वाक्यनै मान्य हुन्छ । अनि वैदिक मत सम्बन्धमा कुनै पनि द्विविधा वा सवालको समाधान गर्नकालागि मीमांसा-दर्शननै सर्वाधिक भरपर्दो साधन भएकोहुँदा हामीले त्यसको निर्णयलाई स्वीकार गर्नुपर्दछ । प्रसंगवश, यस सन्दर्भमा महाभारत शान्तिपर्वमा भनिएको छ – "सुरा मत्स्याः पशोर्मांसं द्विजातीनां बलिस्तथा । धूर्तैः प्रवर्तितं यज्ञे नैतद् वेदेषुकथ्यते ॥" अर्थात्, सुरा (जाँड-रक्सी

आदि), माछा र पशुहरूका मासु तथा द्विजातिहरूको बलि आदि धूर्तहरूद्वारा यज्ञमा प्रवर्तित भएको हो, वेदमा मांसको विधान छैन ।

विद्वानहरू भन्दछन्कि कर्मकाण्डमूलक धर्ममा प्राचीनकालदेखिनै दैवी र आसुरी –दुवै पद्धतिहरू प्रचलनमा रहेका छन् । भनिन्छकि त्रेता युगमा रावण वेदको प्रकाण्ड विद्वान मानिन्थ्यो र उसले वेद उपर भाष्य पनि गरेको थियो । उसले वेदको भाष्य गर्दाखेरीमा आफू मांसाहारी भएकाले वैदिक यज्ञीय मन्त्रहरूका अर्थ मांसपरक गरेको थियो अरे । रामायणबाट थाहा लाग्दछकि त्यस समयमा रावण, मेघनाद आदिले जति पनि यज्ञ गर्दथे ती यज्ञमा मासु र रगत हवन गरिन्थ्योभने राजा जनक, दशरथ आदिले गर्ने यज्ञमा पायसजस्ता वस्तुहरू हवन गरिन्थ्यो । यसोहुनाको कारण केभने वेदमा प्रयुक्त शब्दहरू बहु-अर्थी भएकाहुँदा मांस भक्षण गर्ने वा नगर्ने आफ्नो व्यक्तिगत आचरण अनुसार ती शब्दका अर्थलाई ग्रहण गरिएको थियो ।

यसरी कर्मकाण्डमूलक धर्ममा प्राचीनकालदेखिनै मांसबलि दिने र नदिने –दुवैखाले पद्धतिहरू प्रचलनमा रहेका बुझिन्छ । माथि उद्धृत गरिएको महाभारत, शान्तिपर्वको श्लोकका आधारमा भन्दा त जो व्यक्तिहरू आफू व्यक्तिगत रूपमा मांसाहारी थिए उनीहरूले आफ्नो मांसाहार कार्यलाई तुच्छ नठानियोस् र मांसभक्षण गरेको कारणले इज्जत प्रतिष्ठामा धक्का नलागोस् भन्नाकाखातिर यज्ञमा समेत मांसबलिलाई घुसाएको हुनुपर्दछ । त्यसै भएको होभने त्यसरी कुनै धूर्तद्वारा प्रक्षिप्त कुरा पछि समयक्रममा सर्वसाधारणमा शास्त्र-सम्मत भनेर फैलियो होला ।

स्वेच्छाचारी शासकले शास्त्रका भनाइलाई कसरी आफूखुशी तोड्ने मोड्ने गर्दछन् भन्ने उदाहरण नेपालमा राणा-शासन हुँदा प्रशस्त देखिएकै हो । नेपालका श्री ३ महाराज भइखाएका राणाले त गर्न सकेको कुरा रावणजस्ता प्रतापी त्रिलोकविजयीले किन गर्न नसक्नु !

जनसामान्यमा शास्त्रका गहिरा कुराहरू बुझ्ने न त ल्याकत हुन्छ, न सबैसँग त्यस्तो रुची नै हुन्छ, –त्यसोहुँदा औपचारिक तवरमा जेजे व्याख्या गरिन्छन् तिन्लाईनै स्वीकार गर्ने गर्दछन् । यस्तै भएकाले धेरै कुराहरू कुनै धूर्तद्वारा प्रक्षिप्त गरिएकै भएता पनि केही समयपश्चात् पक्का शास्त्रीय मान्यताका रूपमा स्वीकृत हुन्छन् । भनिसकियोकि राणाकालीन नेपाली समाज यसको उदाहरण हो ।

तर, यस सम्बन्धमा केही धूर्तहरूको करामतमात्रै दोषी छ भन्ठान्नुचाहिँ अर्ध-सत्य धारणा हुन्छ । नियत असल हुँदाहुँदै पनि शास्त्रबारेमा अर्थको अनर्थ हुन सक्दछ, र यस्तो भएको पनि छ । वेदमा प्रयुक्त शब्दहरू बहु-अर्थी भएकाहुँदा तिन्का अर्थको अनर्थ हुनसक्ने खतरा जतिखेर पनि विद्यमान छ । स्वाभाविकै होकि एउटै शब्दका विभिन्न अर्थ हुने अवस्थामा द्विविधा, मतभिन्नता तथा विवादको सम्भावना बढी हुन्छ ।

बहु-अर्थी शब्दका कारण आइपर्ने अवस्थालाई हामी एउटा उदाहरणद्वारा हेरौं । संस्कृत 'अज' शब्दको अर्थ पुरानो चामल र बाखो (पाठो) दुइटै हुन्छ । एउटै शब्दले दुई भिन्न-भिन्न चीजलाई बुझाउने भएपछि अब यज्ञ गर्ने बेलामा 'अज' मागियोभने व्यक्ति-विशेषको मनपर्दीले गडबडी हुन पनि सक्नेनै भयो । 'अज'को माने मांसाहारी व्यक्तिले बाखो भन्ने अर्थ गरेर पशुबलि दिने र शाकाहारी व्यक्तिलेचाहिँ पुरानो चामल भन्ने अर्थ गरेर त्यो चामलको पायस बनाई हवन गर्ने –यसरी पृथक् पृथक् तवरबाट यज्ञ गरिने हुनसक्छ । शाकाहारी व्यक्तिको सोचाइ हुन्छकि यज्ञस्थान जस्तो पवित्र एवं शुद्ध स्थानमा मासु पोलिएको गन्ध ( उसकालागि त दुर्गन्ध नै) फैलाएर आहुति कसरी दिनु !? यसरी उसले मांस हवन कार्य गर्ने त के कुरा, त्यसको कल्पना गर्दाखेरीमानै उसलाई असहज लाग्दछ र 'अज' भनेको चामलै हो भन्नेमा पूर्ण विश्वस्त हुन्छ । उता मांसाहारी व्यक्तिका दृष्टिमा मासु बढिया पौष्टिक पदार्थ हुँदैहो र मासु पोलिएको गन्ध ( उसकालागि त सुगन्ध)ले उसको मन प्रफुल्ल हुनेहुँदा यज्ञमा मांस

हवन गर्नु नै युक्तिसंगत ठान्दछ । वाह ! धर्म पनि हुने, मासु खान पनि पाइने, –यसरी सौँच्दछ ऊ ।

वास्तवमा मांस मनुष्यकानिमित्त अप्राकृतिक खाना हो । तर पनि, जस्तोकि यस प्रकरणको आरम्भमै भनिएको थियो –यस संसारमा मांसाहारी मान्छेहरूको संख्या शाकाहारीहरूको तुलनामा धेरैगुना बढी छ होला । हुन पनि अरुको त के कुरा गर्ने, वेदमा मांसाहार नगर्ने आदेश हुँदाहुँदै पनि थुप्रै हिन्दूहरू मांसाहारी रहेको स्थिति छ र बारम्बार अहिंसाको बखान गरिरहने बौद्ध मतावलम्बीहरूसमेत जिब्रो फड्कारी फड्कारी मांस भक्षण गरिरहेका छन् । कति विडम्बनापूर्ण छ त ! हाम्रा धर्मशास्त्रमा मांसभक्षण स्पष्टतया निषेध गरिएको छ । मीमांसा-दर्शनमा पनि मांस उपयोगको निषेध स्पष्टरूपेण गरिएको पाइन्छ । मीमांसा-दर्शन १२।२।२ मा भनिएको छ : 'मांस पाक प्रतिषेधश्च तद्वत्', अनि १२।२।२६ मा भनिएको छ : 'मांस पाको विहित प्रतिषेधः स्याद्वाहुति संयोगात्' । यिनको तात्पर्य यही होकि वैदिक यज्ञमा पशुबलि वा कुनै पनि पशुको मांसजस्ता वस्तुको प्रयोग वर्जित छ । हो, पशुहरू दान दिने विधानचाहिँ छ ।

कतिपय मानिसहरूले कुनै पशुको मासु खान नहुने, अनि कुनै पशुको मासु चाहिँ खान हुने भन्ने वर्गीकरण गरेको पाइन्छ । त्यसैअनुरूप कुनै पशुको यज्ञमा बलि दिनहुने र कुनैकोचाहिँ बलि चढाउन नहुने भन्ने गरेको पनि देखिन्छ । के यसरी कुनै पशु बलिकानिमित्त योग्य र कुनैचाहिँ अयोग्य भन्ने वर्गीकरण गरेर आ-आफ्ना इच्छाअनुरूपका पशुलाई बलि दिनु उचित हो त ? यसको निक्यौंल पनि मीमांसा-दर्शनका आधारमा गर्न सकिन्छ ।

मीमांसा-दर्शनको छैटौं अध्यायमा पशुबलिबारेमा चर्चा गरिँदा यसमा मीमांसाकारले यही कुरामा बारम्बार जोड दिएका छन्कि वेदको 'पशुन् माहिंसी' (पशुहरूलाई नमार) भन्ने वाक्यमा पशुहरूमा कुनै श्रेणी वा वर्गभेद गरिएको छैन (अर्थात्, योचाहिँ पशु मार्नहुने र योचाहिँ मार्ननहुने भनेर छुट्टाछुट्टै श्रेणी बनाइएको छैन), तसर्थ प्रत्येक पशुको हिंसा निषिद्ध छ । वेदको 'पशुनपाहि'

मन्त्रले पनि सबै प्रकारका पशुहरूको रक्षागर्न भनेको छ । तसर्थ कुनै पशुको मासु खाननहुने, अनि कुनै पशुको मासुचाहिँ खानहुने; र कुनै पशुको यज्ञमा बलि दिनहुने, अनि कुनैकोचाहिँ बलि चढाउन नहुने –यस्ता कुरालाई मीमांसा-दर्शनले अस्वीकार गरेको छ र प्रत्येक पशुको हिंसा निषिद्ध रहेको (कुनै पनि पशुको हत्या गर्ननहुने) एवं कुनै पनि पशुको मासु खाननहुने कुरा स्पष्टसँग बताएको छ । माथिनै भनिएको छकि पशुहरू दान दिने विधान भएता पनि वैदिक यज्ञमा पशुबलि वा कुनै पनि पशुको मांसजस्ता वस्तुको प्रयोग वर्जित छ ।

मनुष्यको शारिरीक बनावट, चेतना तथा बौद्धिक स्तर एवं मानवोचित विवेक –सबै दृष्टिकोणबाट मांसाहार तुच्छ छ, त्याज्य छ । तपाईं धर्म मान्ने व्यक्ति हुनुहुन्छभने यो तथ्य ख्याल राख्नोस्कि मांसभक्षण पूर्णतया पापकर्म हो । तपाईं धर्म मान्नुहुन्न भने पनि यो कार्य अनैतिक भएकाले मानवीय नैतिकताको कारणले मांसाहार त्याज्य छ । मांसजन्य पदार्थहरू उपभोग गर्दा एकपल्ट सोचौंकि त्यो मासु प्राप्त गर्न अबोध मूक पशुलाई कति यातना दिइयोहोला ! त्यो निरपराध जीवको क्रन्दनलाई ध्यान दिनोस्, त्यो निरीह जन्तुको आँखाबाट धर्धरी बगेको आँसुको धारालाई याद गर्नोस्, त्यसको बिलौनालाई ख्याल राख्नोस्; तब पनि मासु खान मनलाग्योभने नर्कको ढोका आफ्नालागि खुलेछ भन्ठान्नुस् । मासु चपाइरहँदा हेक्का हुनैपर्दछकि मासुसँगसँगै पशुको श्रापको भागिदार भइरहिएको छ । यस्तो अधार्मिक, अनैतिक एवं अमानवीय कर्म सबैजनाले त्याग्नै पर्दछ ।

***

# प्रकरण – सात
# कसरी हुन्छ मुक्ति ?

विश्वका अन्य धर्म-दर्शन र वैदिक सनातन हिन्दू धर्म-दर्शन बीचको तात्विक अन्तर केहोभने हिन्दू धर्म-दर्शन मानवको 'मोक्ष' अर्थात् 'मुक्ति'कोलागि हो; र अरुलेचाहिँ केवल 'उद्धार'को कुरामात्र गर्दछन्[1] । कहाँ मुक्ति, कहाँ उद्धार ! तसर्थ, मानव-मुक्तिको निमित्त हामी मानवले अवलम्बन गर्नुपर्ने बाटो वैदिक-दर्शनले दिग्दर्शित गरेको बाटो हो ।

वेद-उपनिषद्हरूले भनेझैंनै विभिन्न ईश्वरीय अवतारहरूले पनि मानव-मुक्तिका निम्ति प्रयास गर्नु भएको पाइन्छ । यो संसार-चक्रको दु:खबाट मानव समाजलाई छुटकारा दिलाउन नै भगवान् श्रीकृष्णअवतरित हुनुभएको हो; त्यही परम्परा अघि बढाउँदै मनुष्यहरूलाई दु:खमय समाजबाट उतार्न भगवान् बुद्धले आफ्नो ज्ञान प्रचार गर्नुभएको हो; भगवान् महावीर जैनको ध्येय पनि उही थियो र भगवान् शङ्कराचार्य जगद्गुरुको लक्ष्य पनि मनुष्यलाई मोक्ष दिलाउनु नै थियो; अनि गुरुदेव नानकको उद्देश्य पनि उही हो ।

विभिन्न हिन्दू-दर्शन एउटै परब्रह्मसँग तद्रूप गराई मोक्ष दिलाउने विविध साधनहरू हुन् । साध्य उही हो, तर साधनमात्रै फरक हो ।

धार्मिक तथा दार्शनिक विषय-वस्तुहरूका सन्दर्भमा कुरा गर्दा यी सबै एउटै साध्यलाई प्राप्त गराउने साधनहरू भएता पनि कुरो बुझ्नमा यदि थोरैमात्र पनि तलवितल पर्‍योभने वा नासमझी भयोभने अर्थको अनर्थ हुनपुग्दछ । यसलाई उदाहरणबाट हेरौं । जहाँ वेदान्त-दर्शनले कर्मलाई बन्धनकारक मानेर कर्म-त्यागको सम्मति दिएको छ, गीतालेचाहिँ अनासक्त भएर कर्म गर्ने ( कर्मयोग) विधान बताएको छ र मीमांसा-दर्शनलेचाहिँ कर्मकाण्डद्वारानै मोक्ष प्राप्त गर्ने तरिका बताएको छ । जसले

यिनीहरूकोबीचमा एक-आपसमा विरोध रहेछ भन्ने बुझ्दछ, त्यो गलत बुझाइ हो ।

वास्तवमा तीनैओटा अवधारणा सही छन् । कसरीभने जो व्यक्ति ज्ञानको उच्चतम तहमा पुगिसकेका छन्, तिन्कानिम्ति यस सांसारिकताको कुनै हेतु हुँदैन, तसर्थ तिन्कानिम्ति वेदान्तले कर्म त्यागको सम्मति दिएको हो । सांसारिक कर्तव्य–अकर्तव्यसँग सम्बन्धित रहिरहेका, तर ज्ञानको हिसाबले उच्चतम तहमा पुगेकाहरूकोलाग अनासक्त भएर कर्म गर्ने (कर्मयोग) विधान गीतामा बनाइएको हो । अनि, आफ्नो सांसारिक कर्तव्य पालनमा दत्तचित्त असल व्यक्तिहरूका निमित्तचाहिँ कार्यरत रहेरै मोक्ष प्राप्त गर्ने तरिका (कर्मकाण्डमूलक धर्म) मीमांसाकारद्वारा बताइएको छ । वास्तवमा अत्यन्त वैज्ञानिक किसिमबाट प्रत्येक परिस्थितिकालागि भनेर वैदिक संस्कृतिमा नियमहरू बनिएका छन् ।

आज 'हिन्दू' नामले चिनिइने हाम्राका महान् पुर्खाहरूमा यानेकि महान् ऋषिमुनिहरूमा कोही पनि मनुष्य कस्तै परिस्थितिमा पनि मोक्ष पाउने अधिकारबाट नछुटून् भन्ने सर्वहितकारी भावनाले परिपूर्ण विश्व-दृष्टिकोण रहेको देखिन्छ । 'मोक्ष' अर्थात् 'मुक्ति' नै मानवजुनिको परम् लक्ष्य भएकोहुँदा हरेक मनुष्यलाई जसरी सम्भव हुन्छ त्यसरीनै र जस्तो उपायले सम्भव हुन्छ त्यही उपायले मोक्षप्राप्तिको बाटो देखाउन ऋषि-महर्षि, सन्त, महात्मा एवं ईश्वरीय अवतारले उपदेश दिनुभएको छ । यति व्यापक विश्व-दृष्टिकोण अरुमा कहाँ पाउनु !

मान्छेलाई उसको देश, काल, परिस्थिति जस्ता कुराहरूले अनेक प्रभाव पारेका हुन्छन् । एकठाउँमा एकखाले परिस्थितिमा रहेको मान्छेलाई जे कुरा ठीक हुन्छ अर्कोठाउँमा अर्केखाले परिस्थितिमा रहेको मान्छेलाई त्यो कुरा ठीक नहुन पनि बेर लाग्दैन । हिमालको जाडोमा बख्खु लगाउनु पर्दछभने तराईको गर्मीमा सुती कपडा उपयुक्त हुन्छ । यो उदाहरणलेनै प्रमाणित हुन्छकि मान्छेले 'मोक्ष' प्राप्त गर्ने उपाय पनि मान्छेपिच्छे फरक

पर्न सक्दछ । बस्, गाँठी कुरो यहाँ छ । मोक्ष पाउनकानिम्ति योगीको मार्ग जुन हो, सर्वसाधारण गृहस्थकोलागि त्यो मार्ग अनुपयुक्त साबित हुनसक्छ र कुनै अर्को मार्ग उपयुक्त हुनसक्छ । वास्तवमा मीमांसा-दर्शन सर्वसाधारण गृहस्थलाई मोक्षको बाटो देखाउने दर्शनशास्त्र हो । सजिलो भाषामा भन्दाखेरीमा, सांसारिक कर्म गर्दै 'आत्मज्ञान' पाउने र मोक्षवान् हुने उपाय यसले बताएको छ ।

संसारका अधिकांश मान्छेकालागि मीमांसा-दर्शनको मार्ग उपयुक्त हुनेकुरा स्पष्ट छ, किनकि यसले संसार र मानव जीवनको वास्तविकता स्वीकार गर्दछ र यस जगत्लाई सर्वथा सत्य एवं यथार्थ मानेर यसमा कर्मरत रहँदै मुक्ति पाउने अर्थात् परब्रह्म-तत्वसँग तद्रूप हुने उपाय बताउँछ । हो, सांसारिक कर्म गर्दा वेदमा भनिएका यज्ञीय कर्महरू गर्नैपर्ने कुरामाचाहिँ मीमांसाकारले विशेष जोड दिएका छन् । यसबारेमा पाँचौं प्रकरणमा पनि 'कस्तो कर्म गर्ने ?' शीर्षकमा हामीले चर्चा गरेका छौं ।

मोक्षकोबारेमा आचार्य कुमारिल भन्नुहुन्छकि दुःखको अत्यन्त नाश भएपछि आत्मामा विद्यमान सुखको जब मनद्वारा उपभोग वा अनुभव हुन लाग्दछ, त्यही मुक्त अवस्था हो । अर्थात्, संस्कृतमा–

*दुःखात्यन्त समच्छेदे सति प्रागात्म वर्तिनः ।*

*सुखस्य मनसा भुक्तिर्मुक्तिरुक्ता कुमारिलैः ॥*

त्यसैगरी आचार्य कुमारिल भट्ट भन्नुहुन्छकि मोक्ष भएपछि विषयहरूको अन्त हुन्छ र परमानन्दको अनुभव हुन्छ । नित्यानन्दको अनुभव गर्नेवाला मुमुक्षु विषयहरूबाट विरक्त भएर मोक्ष प्राप्त गर्दछ, जहाँबाट फेरि फर्कनु पर्दैन । यसरी मोक्ष नै अन्तिम लक्ष्य हो । अर्थात्, संस्कृतमा–

*परानन्दानुभूतिः स्यान्मोक्षेतु विषयाद्दते ।*
*विषयेषु विरक्तारस्युर्नित्यानन्दानुभूतितः ।*
*गच्छन्त्य पुनरावृत्तिं मोक्षमेव मुमुक्षवः ॥*

धर्मप्राप्ति निमित्त जुन शम, दम, तितिक्षा, ब्रह्मचर्य आदि गुणहरूको आवश्यकता पर्ने बताइएको छ, यसमा मीमांसाको पनि सहमति छ । यस सम्बन्धमा यो दर्शन वेदान्त-सिद्धान्तसँग सहमत छ र आचार्य कुमारिल स्वयंले यस कुरालाई स्वीकार गर्नुभएको छ । उहाँले आफ्नो ग्रन्थ 'मान मेयोदय'मा लेख्नुभयो–

*कुर्वाण स्यात्ममीमांसा वेदान्तोक्तेन वर्त्मना ।*
*मुक्ति सम्पद्यते सद्यो नित्यानन्द प्रकाशिनी ॥*

अर्थात्, वेदान्तद्वारा प्रदर्शित मार्गबाट आत्माको मीमांसा गर्नुपर्दछ । वेदान्तमा आत्म-साधनको जुन तीन उपायहरू श्रवण, मनन र निदिध्यासनको वर्णन गरिएको छ, तिनको अवलम्बन गर्नुपर्दछ । यसै उपायले नित्य-आनन्द प्रदायक मुक्ति प्राप्त गर्न सकिन्छ ।

**पादटिप्पणी** :

(१) 'धर्म'लाई अंग्रेजी शब्द रेलिजन (Religion) को समानार्थक मानेर अनुवाद गर्ने गरिएता पनि वास्तवमा यो सही अनुवाद होइन । धर्म शब्दको खास अर्थ र रेलिजन शब्दको अर्थमा ठूलो भिन्नता छ । 'रेलिजन'ले एउटा सम्प्रदाय (Sect) वा 'मजहब' मात्र जनाउँछ; यता 'धर्म'चाहिँ व्यापक अर्थ भएको शब्द हो । आरम्भमा धर्म-तत्व एउटै थियो ता पनि कालान्तरमा मान्छेले धर्मका नाममा अनेक कर्महरू अपनाउँदै गयो; अनेक रीतिरीवाज, विधि-विधान, चाल-चलन, प्रथाहरू प्रचलित हुँदैगए; अनि धर्मलाई तिनै भौतिक क्रियाकलापका आधारमा छुट्ट्याउने/खुट्ट्याउने गर्न थाले । देश, काल, परिस्थितिमा अनेकता हुँदा कर्म, रीतिरीवाज, विधि-विधान, चाल-चलन, प्रथा आदि जस्ता भौतिक क्रियाकलापमा पनि अनेकता आउन थाल्नु स्वाभाविकै भयो । तर, जब मान्छेले वास्तविक धर्म-तत्वलाई बिर्सेर पछि विकसित गरिएका भौतिक क्रियाकलापलाई नै धर्म ठान्न थाल्यो तबदेखिनै मतभेद पनि प्रकट भयो ।

धर्मको वास्तविक तत्वलाई भन्दा पनि यिनै कुराहरूलाई महत्व दिने प्रवृत्तिले धर्मका नाममा संघर्ष सुरु गरायो । संसारमा धर्मका नाममा पटक-पटक हिंसा भड्केको छ; धर्मको निहुँमा मानव-रक्तको खोलो धेरैपल्ट बगेको छ । 'धर्म' सम्प्रदायगत ट्रेडमार्कले छोपिएर मान्छे धर्मको भ्रममा सम्प्रदायगत ट्रेडमार्कमा जकडियो ।

अहिले त धर्म भन्नासाथ "कुनचाहिँ धर्म ?", अनि मेरो धर्म र तेरो धर्म भनेर आपसी लडाइँ, मारकाट गर्ने बहाना बनाएका छन् धर्मलाई । यदि मानव समाजले असली धर्म-तत्व आत्मसात् गर्ने होभने धर्मका नाममा हुने गरेका सारा द्वन्द्वको औचित्य नै रहने छैन । यसकालागि सम्प्रदायगत ट्रेडमार्कको साँघुरो घेराबन्दीबाट उम्किन सक्नु पर्दछ । प्रारम्भमा धर्म-तत्व एउटै थियो; तब अहिले किन हुन सक्दैन ? अवश्य हुनसक्छ ।

विश्वको सर्वप्राचीन धर्मग्रन्थ ऋग्वेद भएकाले यसमा वर्णित धर्म-तत्वलाई मानव समाजको 'आदिधर्म' मान्नुपर्ने हुन्छ । हुन पनि *वेदमा कहिएको धर्म सम्प्रदायगत ट्रेडमार्क भन्दा अलग्गै र सारा मानव-समाजकालागि समानरूपेण लागू हुनसक्ने छ*। तसर्थ ऋग्वेद एवं यस परम्पराका विविध धर्मग्रन्थहरूमा वर्णित धर्म-तत्वलाई अवलम्बन गर्नासाथ धर्मका नाममा सृजित सारा समस्याहरू समाधान हुन सक्दछन् ।

धर्म यस्तो तत्व हो जसका कारणले मनुष्य पशु बन्नबाट जोगिएको छ । अर्थात्, धर्मनै यस्तो चीज हो जसका कारण मान्छे अरु पशुहरूबाट पृथक् रहेको छ । धर्म नहुने होभने मान्छे र अन्य पशुबीचमा फरक हुने थिएन । धर्मले मान्छेको आध्यात्मिक, आधिदैविक, आधिभौतिक अभ्युदय गराउँछ ।

धर्म शब्द 'धृ' धातु (धारणा गर्नु)बाट निष्पन्न भएको हो । यसबाट देखिन्छकि धर्मको अर्थ धारणा हो जसले हामीलाई जीवनकोलागि धारणाहरू प्रदान गर्दछ । ती धारणाहरूको फलस्वरूप मान्छेको जीवन पतनबाट बच्दछ । धर्मले हामीलाई

नराम्रा काम-कुराबाट बच्ने ज्ञान दिन्छ । धर्मले मानवलाई राम्रा नियम, राम्रा गुण, असल विचार र दृष्टिकोण अपनाउन भन्छ; अनि नराम्रो काम गर्नबाट रोक्छ ।

धर्मज्ञानको धेरै भाग नैतिक-चारित्रिक शिक्षायुक्त छ । संसारमा जति पनि धर्म छन्, तिन्को एउटा मुख्य उद्देश्य मानवको चरित्रको उत्थान हो । जस्तोकि ऋग्वेदमा जीवनका शाश्वत मूल्यहरूको स्थापना एवं अवलम्बन गर्न धर्मले प्रेरणा दिन्छ । अनि, मनुस्मृतिमा धर्मको लक्षण बताइएको छकि धैर्य, क्षमा, दम ('विषय-वासना' हटाउनु), अस्तेय, शौच, इंद्रियनिग्रह, धी (बुद्धि), विद्या, सत्य र अक्रोध यी धर्मका दश लक्षण हुन् । यसमा कुनै सम्प्रदायवालाले आपत्ति जनाउनु पर्ने वा अस्वीकार गर्नुपर्ने के छ र ! महर्षि कणाद जब भनिरहेका हुन्छन्‌कि जसबाट अभ्युदय, उन्नति या कल्याण हुन्छ तथा "मुक्ति' प्राप्ति हुन्छ त्यही धर्म हो (**यतोभ्युदयनिःश्रेयससिद्धिः स धर्मः**) –तब कहाँनेर छ विवाद/ अस्वीकार गर्नुपर्ने ठाउँ ?

ऋग्वेदमा भनिएको छ– एक्लै खानेवाला पापी हो र बाँडेर खानेवाला पुण्यभागी हुन्छ, धर्म पाउँछ । यस्तो मानवतावादी धारणालाई कुनै सम्प्रदायको भनेर कसैले आलोचना गर्न सक्छ ? वास्तवमा समस्त विश्वको साझा विश्व-धर्म बन्न वेदद्वारा निर्देशित गरिए अनुरूपको 'धर्म'मात्र सक्षम छ । यदि विभिन्न सम्प्रदायगत ट्रेडमार्कहरूमध्येबाट रोज्नु परेमाचाहिँ जसले वेदको उत्तराधिकार बोकेको छ त्यहीतर्फ हामी फर्कनु पर्ने हुन्छ ।

धर्म अवलम्बन गर्नुको मतलब धर्मका नाममा मारकाट मच्चाउनु वा द्वेष फैलाउनु भनेको पटक्कै होइन । 'रेलिजन' को/'मजहब'को चक्करमा नपर्ने होभने; तिन्लाईनै धर्म ठानेर भ्रममा नपर्ने होभने व्यर्थ हुनेछन् 'जेहाद' र 'क्रुसेड'हरू । धर्म लडाइँ गर्ने चीज होइन; यो त पवित्र जीवन-पद्धति हो । धर्मका नाममा लडाइँ, मारकाट, हिंसा, शस्त्रास्त्रको उपयोग आदि-इत्यादि त राजनीति हो, अर्थनीति हो; –धर्मनीति होइन । कहिलेकाहिँ ती

पनि आवश्यक पर्लान्; तर तिन्लाईनै धर्म मान्नु गलत हो । धर्मयुक्त जीवनमा तीबाट प्रायः पर रहनु पर्दछ ।

कर्म, रीतिरीवाज, विधि-विधान, चाल-चलन, प्रथा आदि जस्ता भौतिक क्रियाकलापमा अनेकता भएकै निहुँमा शस्त्रास्त्रको बलमा अरुलाई आफ्नो मतमा तान्न 'जेहाद' र 'क्रुसेड'हरू गर्नु धर्म होइन ।

एउटा धार्मिक व्यक्तिले अर्को व्यक्तिलाई पनि आफूजस्तै देख्ने हुनाले त्यहाँ परपीडा हुँदैन, द्वेष हुँदैन, क्रोध हुँदैन, झै-झगडा र मारकाट हुँदैन, हिंसा हुँदैन । परोपकार उसको जीवनको स्वाभाविक कर्म हुन्छ । 'सर्वे भवन्तु सुखिनः'को भावनाले भरिपूर्ण हुन्छ धार्मिक व्यक्ति । धर्म मानवताको उच्चतम स्वरूप भएकाले 'वसुधैव कुटुम्बकम्'लाई स्वतः आत्मसात् गरेको हुन्छ /हुनुपर्छ । तब, कुटुम्ब-कुटुम्ब बीचमा पनि केको युद्ध ?

<u>**विशेष टिप्पणी**</u> :

वैदिक जीवनमा मोक्षप्रतिको अत्यधिक आग्रहको अर्थ भौतिक जगत्प्रतिको निरपेक्षता होइन । इन्द्रियजन्य मोह वा भ्रमप्रति अनिच्छा भएतापनि मानव चेतनाप्रति वैदिक मतमा अगाध श्रद्धा रहेको छ ।

पुरुषार्थ-चतुष्टयका रूपमा मोक्ष चरम् प्राप्ति अवश्यै हो, किन्तु त्यस शृंखलामा अर्थ, काम र धर्म पनि छन् भन्ने हामीले भुल्नु हुँदैन । अर्थ र काम भौतिक उन्नतिको कसीका रूपमा रहेका छन् भने धर्म भौतिक र आध्यात्मिक उन्नतिको सेतुका रूपमा रहेको छ ।

वैदिक-हिन्दू-दर्शनलाई भौतिक वा लौकिक जीवनप्रति अनिच्छुक र पारलौकिक वा आध्यात्मिक जीवनप्रति मात्र आकर्षित रहेको ठान्नु चाहिं अर्को अपाङ्ग सोच हो । 'अर्थ' र 'काम', भौतिक क्रियाकलाप तथा जागृतावस्थालाई हिन्दू दर्शनमा महत्व दिएको छैन भन्ने एकाङ्गी निष्कर्ष निकाल्दै हिन्दू दर्शनलाई 'धर्म' र 'मोक्ष',

आधिदैविक र आध्यात्मिक तथा स्वप्न र सुषुप्तिमै मात्र पुऱ्याइहाल्दा वेदमतलाई पूर्णतया बुझ्न सकिंदैन । सबैको यथोचित सुसंयोजन नै हिन्दूत्वको मूल आशय हो । धर्म, अर्थ र कामलाई सदुपयोग गरी मोक्षसम्म पुग्नु हिन्दूत्वको अभीष्ट हो । यो कुरा अवश्यै होकि यदि अर्थ र काम धर्म-प्रतिकूल भएमा त्यसलाई त्याग्न तत्पर रहनुपर्दछ । संक्षेपमा भन्नुपर्दा धर्म, अर्थ, काम, मोक्ष अर्थात् पुरुषार्थ-चतुष्टयको प्राप्ति नै एक आदर्श मानवको जीवन-उद्देश्य हो ।

(परम्‌आदरणीय पण्डित रुद्रमणि उपाध्याय अधिकारीको पुत्र एवम् शिष्य निर्मलमणि उपाध्याय अधिकारी 'आयोदधौम्य'कृत ***मीमांसा-दर्शन निर्देशन*** समाप्त)

***

## *परिशिष्ट*

# वैज्ञानिकतायुक्त धर्म
# धार्मिकतायुक्त विज्ञान

'धर्म' र 'विज्ञान'बीचको अन्तरसम्बन्ध कस्तो हुन्छ वा हुनु पर्ने हो भन्ने बारेमा धेरै चिन्तन-मनन भइसकेको छ । यो यस्तो विषय हो, जसबारेमा आउँदा दिनहरूमा अझै बढी चर्चा-परिचर्चा हुनेछ । यदि नहुने छाँटकाँट देखिएमा समाजका विद्वत्जनले यस सम्बन्धमा हल्लाखल्ला मच्चाइहाल्नु पर्दछ । कुनै युगमा पनि मानवलाई 'धर्म' र 'विज्ञान'को आलोकबाट पर रहन दिनु हुँदैन । यिनका स्वरूप तथा यी दुईबीचको अन्तरसम्बन्ध सर्वसाधारण जनसमुदायलाई बोध भई *मानिसले वैज्ञानिकतायुक्त धर्म एवम् धार्मिकतायुक्त विज्ञान अवलम्बन गरेको दिनमा हाम्रो संसारका सबै समस्याहरू समाधान हुनेछन्* भन्नेमा म विश्वस्त छु । मानिसले पल-पल वास्ता गर्नु पर्ने, तर त्यतिधेरै चासो दिन नसकेका विषय-वस्तु हुन् 'धर्म' र 'विज्ञान' ।

म कुनै नौलो कुरा गरिरहेको छैनँ र म भन्दा अघिका पनि प्रायः विद्वानहरूले यी दुईको संयोजनका लागि जोड दिँदै आएका छन्; तथापि नदीका दुई किनारा कदापि नभेटिएजस्तै धर्म र विज्ञानको पनि मिलन-विन्दु हुनै सक्दैन भन्ने सोच्नेहरू यत्र-तत्र पाइन्छन् । आध्यात्मिकता र वैज्ञानिकता एकदमै विपरित ध्रुवमा छन् भन्छन् कतिपय मानिसहरू । साँच्चै अधिकाधिक मानिसहरू धर्म र विज्ञान एक-आपसमा विकर्षित हुने विषय-वस्तु ठान्छन् । यस्तो परिवेशमा हामीमध्ये पनि धेरैलाई उही भ्रमले गाँज्नु आश्चर्यको कुरो होइन । तर यस्तो भ्रमलाई निवारण गर्नु आवश्यक छ । कम्तीमा पनि मान्छेहरूलाई झक्झक्याइ रहनु जरुरी छ कि 'धर्म' र 'विज्ञान'लाई परस्पर विरोधी भन्ठान्ने तिम्रो सोच गलत छ ।

धार्मिकता र वैज्ञानिकता, दुवैको लक्ष्य सत्य उद्घाटन गर्नु नै हो । 'धर्म' र 'विज्ञान' प्रक्रियागत रूपमा कसरी फरक छन् भने

विज्ञान भौतिक जगत्को जगमा स्थित जिज्ञासाको घरमा बसेर सत्यको अन्वेषण गर्दछ भने धर्म आन्तरिक रूपमा आत्मामा प्रतिष्ठित भएर सत्यको साक्षात्कार गर्दछ । अर्को तरिकाले भन्नु पर्दा, धर्म प्रायः *शाश्वत सत्य* को उद्घाटनप्रति बढी झुकाउ राख्दछ भने विज्ञानलाई पहिले *सापेक्ष सत्य* जान्ने चासो पर्दछ । विज्ञानको पनि संतृप्त अवस्थामा पुग्नु पर्ने ठाउँ त्यहीँ हो, जहाँ धर्मले लैजान्छ ।

यहाँनेर ज्ञातव्य कुरा के छभने दार्शनिकहरू विविध प्रकारका छन् : कोही *शाश्वत सत्य* को उद्घोष गर्नेहरू; अनि कोही *सापेक्ष सत्य* को उद्घोषण गर्नेहरू । *शाश्वत सत्य* उद्घोषण हो धर्मको क्षेत्र; यता *सापेक्ष सत्य* उद्घोषण विज्ञानको क्षेत्र हो । *शाश्वत सत्य* लाई समयको प्रवाहले कुनै फरक पार्दैन; त्यसैले अनेक युगमा जति ऋषि, सन्त, महात्मा, ज्ञानी, गुरु, आचार्य, योगी अवतरित भए पनि तिनीहरूले बारम्बार उही कुरा दोहोऱ्याउने गरेका हुन् । वेदपश्चात् आएका उपनिषद्कालीन ऋषि देखि लिएर तिनका उत्तरवर्ती बुद्ध, तीर्थङ्कर, गुरु, सबैले उनै कुरा बताइरहेका छन्; यद्यपि शैली फरक छ, भाषा फरक छ, हावभाव फरक छ । तर गुदी कुरो उही हो । कन्फ्युसियस, लाओत्जू, जरथ्रुस्त, जीसस क्राइस्ट, पैगम्बर मुहम्मद, ओशो, कृष्णमूर्ति, साईबाबा, ब्रह्माकुमारी जो कसैले पनि भनेको गुदी कुरो त उही हो; परन्तु भन्नेका शैली र ग्रहण गर्नेका ल्याकतले पो फरक पारेको छ । यता भौतिक विज्ञानका महारथीहरूका प्राप्तिका सार पनि ती भन्दा फरक छैनन् ।

*सापेक्षसत्य* का अनुयायीहरू युगानुसार प्रासंगिक वा अप्रासंगिक ठहरिने हुन्छन् । हिजोका वैज्ञानिकका सिद्धान्त र सूत्रहरू आज मिल्दैनन् र आजका सिद्धान्त र सूत्रलाई भोलीका वैज्ञानिकले अझ विकास गर्नेछन् । धर्मकै नाममा आएका भए तापनि असत्य कुराहरू समयक्रममा त्यागिँदै छन् । तिनमा रहेका *शाश्वत सत्य* मात्र सदैव स्वीकार्य रहने हुन् । वास्तवमा *सापेक्ष सत्य* र *शाश्वत सत्य* बीचमा तालमेल मिलाउन कठिन छ । तर

नमिलाई सुखै छैन । युगका अगुवाहरूले 'शाश्वतसत्य' र 'सापेक्षसत्य' दुबैको गतिसँग आफ्नो हिंडाइलाई तालमेल मिलाउनु पर्दछ । हाम्रो युगलाई पनि त्यसकिसिमको तालमेलको आवश्यकता छ ।

धर्म र विज्ञान यी दुबैको लक्ष्य उन्नति, प्रगति, विकास र सुख नै हो; अनि मानव कल्याण र शान्ति नै हो । सफलता-असफलता तथा सदुपयोग-दुरूपयोग चाहिँ पछिल्ला कुरा हुन् । उदाहरण खोज्न थाल्ने हो भने धर्मको पनि सदुपयोग र दुरूपयोग दुवै थोक गरेको पाइन्छ भने विज्ञानको पनि सदुपयोग र दुरूपयोग दुवै थोक गरेको पाइन्छ । कुनै उदाहरण विशेषलाई औंल्याएर छारो उडाइरहनु र त्यसैलाई सार्वजनीन ठान्नु मूर्खता हो । यो त पात्रता अनुसार फरक पर्ने कुरा हो । वास्तविकतामा धर्म र विज्ञानबीचमा कुनै मौलिक विरोध छैन ।

विज्ञानको प्राथमिकता बाह्य स्वरूपलाई छ भने धर्म आत्मिक चैतन्यको पक्ष लिन्छ । उही रुखका हाँगाबिँगाहरू जतासुकै फर्कून् न, जरा त एउटै हो । स्वाभाविक विविधतालाई देखेर एकत्व नदेख्नु कहाँसम्मको मूढता !

मानवलाई धर्म र विज्ञान दुबैले अरु सबै जीवभन्दा उच्चतहमा राखेका छन् । यो ***मानव*** शब्द बनेको छ तीन अक्षर मिलेर । मा - अज्ञान, अविद्या । न - बिना । व - वर्तन ( कार्य ) । अर्थात्, अज्ञान-अविद्या त्यागेर कार्य गर्नेलाई मानव भनिएको छ । अज्ञान त्याग्नु भनेको ज्ञान प्राप्तितर्फ लाग्नु हो, ज्ञान प्राप्त गर्नु ज्ञानी बन्नु हो, ज्ञानी बन्नु भनेको आफू र आफ्नो जगत् तथा त्यसको कारण जान्नु हो । यसरी आत्मज्ञानको स्थितिमा पुगेपछि आत्मज्ञान नै परमात्मा- ज्ञान (ईश्वरप्राप्ति) को सोपान हो र ईश्वर वा ब्रह्मतत्व साक्षात्कार गर्नु नै परमसत्य हो । मानवको परमलक्ष्य 'मोक्ष' हो ।

हाम्रा धर्मशास्त्रहरूले बारम्बार हामीलाई बताइरहेका छन्– धर्म नै सत्य हो । धर्मबिना मानव व्यर्थ छ । अनि त्यो वैज्ञानिक,

जसको लक्ष्य नै जीवन र जगत्को सत्य अन्वेषण गर्नु हो, कसरी परमसत्य ब्रह्मतत्वबाट पर रहन सुहाउँछ ? उसको खोज नै सत्यतर्फ परिलक्षित हुनेहुँदा ध्रुवसत्य एवं परमसत्य परब्रह्मलाई वैज्ञानिकले नकार्न मिल्दैन । धर्मको शुद्ध स्वरूप र विज्ञानको पनि शुद्ध स्वरूप छर्लङ्ग हुँदा धर्म र विज्ञानको एकत्व सहजै दृष्टिगोचर भइहाल्छ ।

विज्ञान र धर्मलाई भिन्न देख्नु दृष्टि-दुर्बलता हो । तथ्य कुरा के हो भने, धर्म र विज्ञान एउटै सिक्काका दुई पाटा हुन्, एक-अर्काका परिपूरक । यहाँनेर आधुनिक विज्ञान जगत्का महान् व्यक्तित्व आइन्सटाइनलाई उद्धृत गर्नु उपयुक्त हुनेछ । आइन्सटाइनको भनाइ छ- *धर्मबिनाको विज्ञान लङ्गडो र विज्ञानबिनाको धर्म अन्धो हुन्छ*। यदि अपूर्णताबाट पूर्णतातिर जाने हो भने धर्म र विज्ञान समानरूपेण अपनाइनु पर्छ । भनिएकै छ कि ज्ञान (धर्म) र विज्ञानको हात कर्ममा जोड्नु पर्दछ ।

आज तथाकथित आधुनिकताको मदले चूर भएकाहरूमध्ये धेरैको प्रवृत्ति देखिएको छ कि विज्ञानको नाम लिँदै धर्मको विरोधमा बकबकाउँदै हिंड्छन् । शिक्षाको नाममा स्थापित मूल्य-मान्यता विरोधी कुराहरू प्रचारित गर्ने फेशन चलेको छ । तर, जुन शिक्षाले सद्वृत्ति जागृत गराउँदै हृदयमा प्रविष्ट भएर मानवलाई एक श्रेष्ठ-जीवन-स्वप्नले भर्दैन, त्यो शिक्षा होइन साक्षरता मात्रै हो । अहिले शिक्षाको नाममा फगत् साक्षरता मौलाएको छ, यद्यपि कागजी प्रमाणपत्रहरू दिएर-लिएर बकाइदा विद्वत्ताको बिगुल फुकिरहेको स्थिति छ । देखिएकै छ कि परम्परा तथा स्थापित मूल्य-मान्यता बारेमा अनर्गल बकबास गर्ने लफङ्गाहरूलाई क्रान्तिकारी ठान्दिने गरेको । आफ्नै घरमा आगो झोस्ने, अनि टुप्पातिर बसी फेद काट्ने कार्य पनि क्रान्ति ? हास्यास्पद । परम्परा, संस्कार, संस्कृतिका असल पक्ष पनि देख्न नसक्ने अन्धाहरू तथा विज्ञानको गलत व्याख्या गर्दै शास्त्र, ईश्वर, धर्मको उपहास गर्न समेत अघि सर्ने उद्दण्डहरू यत्रतत्र

छ्यास्छ्यास्ति भेट्न पाइन्छ । हामी यस्तो निरर्थक क्रान्ति अस्वीकार गर्दछौं । वास्तवमा क्रान्ति सकारात्मक हुनुपर्छ र निर्माण औचित्ययुक्त । हामी नकारात्मकताले भरपूर ध्वंशका पक्षधर होइनौं, हामी त सकारात्मक क्रान्तिका पक्षधर हौं ।

अर्कातिर 'धर्म' भन्ठानेर अन्धविश्वास, फाहोरमैला, विकृतिलाई पनि अँगालेर बस्न चाहने कूपमण्डूकहरू पनि नभएका होइनन् हाम्रो समाजमा । धार्मिक तथा परम्परावादी हुनुको अर्थ यो होइनकि हिजो जे गरिन्थ्यो आज पनि हुबहु उही गरियोस् । थुप्रै कुराहरू देश, काल, परिस्थिति अनुरूप परिवर्तन, परिमार्जन हुन्छन् /हुनुपर्दछ । आजभन्दा पचास वर्ष अघि बागमती नदीमा नुहाएमा पुण्य मिल्छ भनेर प्रतिदिन स्नान गरेको परम्परालाई कायम राख्न आज फोहोरले डुङ्डुङ्ती गनाएको बागमतीमा नुहाउनु त भएन नि !

अनि बागमती फोहोर भयो भनेर छिःछिः दुर्दुर् मात्र गर्ने र त्यतातिर पाइलै नहाल्ने जस्तो 'सुघ्घरीपना' पनि के काम ? वैज्ञानिकतायुक्त धर्म र धार्मिकतायुक्त विज्ञान सम्मत कुरा त यो हुन्छकि बागमती नदीको हिजोकै गौरव कायम राख्न यसलाई शुद्धिकरण गरियोस् ।

यस कुरालाई अर्को एउटा उदाहरणबाट हेरौं । सुनलाई बहुमूल्य सम्पत्तिको रूपमा लिने प्रचलन हाम्रो समाजमा छ । यो धातुमा के त्यस्तो जादू छ कुन्नि ! जे होस्, सुनको गहना धेरै समयसम्म लगाउँदा त्यसमा कस (मयल) लाग्छ र त्यति राम्रो गहना मयलका कारण फोहोर र घिनलाग्दो पनि देखिन्छ । अब कस नै कसले छोपिएको सुनको त्यो गहनालाई के गर्ने ? यस सन्दर्भमा विभिन्न किसिमका प्रवृत्ति र व्यवहार हामी देख्दछौं । यीमध्ये तीनथरी प्रमुख छन् । एकथरी हुन्छन् जो आफ्नो गहनामा मयल परोस् वा जेसुकै होस्, त्यसलाई जस्ताको तस्तै स्वीकार गर्दछन् । गहनामा जमेको फोहोरलाई पनि गहनाकै अभिन्न अंग ठान्ने उनीहरू कसैले कस सफा गर्ने प्रयास गरेमा त्यसलाई

सहँदैनन् । अनि अर्काथरीचाहिँ गहनामा लागेको फोहोरलाई मात्र देख्छन् र त्यो गहनालाई नै फाल्ने कुरा गर्दछन् । यी दुई अतिवादीहरूका बीचमा नीर-क्षीर विवेकी व्यक्तिहरू पनि हुन्छन्, जो गहनामा जमेको फोहोरलाई शुद्धिकरण गर्दै शुद्ध स्वरूपमा गहनालाई उजिल्याउन प्रयास गर्दछन् । सुनको शाश्वततालाई चिन्दछ 'धर्म'ले र त्यसमा लागेको फाहोरलाई फाल्दछ 'विज्ञान'ले ।

अहिले मान्छेहरू धर्मको अनौठा-अनौठा परिभाषा गर्छन् । हिन्दू धर्म, बौद्ध धर्म, जैन धर्म, सिख धर्म, बोन धर्म, शिन्तो धर्म, क्रिश्चियन धर्म, इस्लाम धर्म, यहुदी धर्म, आदि-इत्यादि । यी त सम्प्रदाय हुन्, मजहब हुन्, रेलिजन हुन् । असली धर्मतत्वलाई यस्ता 'ट्रेडमार्क'ले छोपेका छन् । 'धर्म' भन्ने जुन शब्द छ, यसको समानार्थकमा 'रेलिजन' तथा 'मजहब'लाई बुझ्नु गलत छ । धर्म त व्यापक छ र रेलिजन-मजहब-सम्प्रदायले धर्मको पूरा अर्थ हुँदैन ।

यसबारेमा म थप चर्चा गर्न चाहूँला । 'धर्म'लाई अंग्रेजी शब्द रेलिजन (Religion) को समानार्थक मानेर अनुवाद गर्ने गरिएतापनि वास्तवमा यो सही अनुवाद होइन । धर्म शब्दको खास अर्थ र रेलिजन शब्दको अर्थमा ठूलो भिन्नता छ । 'रेलिजन'ले एउटा सम्प्रदाय (Sect) वा 'मजहब' मात्र जनाउँछ; यता 'धर्म'चाहिँ व्यापक अर्थ भएको शब्द हो । आरम्भमा धर्म-तत्व एउटै थियो तापनि कालान्तरमा मान्छेले धर्मका नाममा अनेक कर्महरू अपनाउँदै गयो; अनेक रीतिरीवाज, विधि-विधान, चाल-चलन, प्रथाहरू प्रचलित हुँदैगए; अनि धर्मलाई तिनै भौतिक क्रियाकलापका आधारमा छुट्ट्याउने/ खुट्ट्याउने गर्न थाले । देश, काल, परिस्थितिमा अनेकता हुँदा कर्म, रीतिरीवाज, विधि-विधान, चाल-चलन, प्रथा आदि जस्ता भौतिक क्रियाकलापमा पनि अनेकता आउन थाल्नु स्वाभाविकै भयो । तर, जब मान्छेले वास्तविक धर्म-तत्वलाई बिर्सेर पछि विकसित गरिएका भौतिक क्रियाकलापलाई नै धर्म ठान्न थाल्यो तबदेखिनै मतभेद पनि प्रकट

भयो । धर्मको वास्तविक तत्वलाई भन्दापनि यिनै कुराहरूलाई महत्व दिने प्रवृत्तिले धर्मका नाममा संघर्ष शुरु गरायो । संसारमा धर्मका नाममा पटक-पटक हिंसा भड्केको छ; धर्मको निहुँमा मानव-रक्तको खोलो धेरैपल्ट बगेको छ । 'धर्म' सम्प्रदायगत ट्रेडमार्कले छोपिएर मान्छे धर्मको भ्रममा अन्तर-कुन्तरमै जकडियो । अहिले त धर्म भन्नासाथ "कुनचाहिँ धर्म ?", अनि मेरो धर्म र तेरो धर्म भनेर आपसी लडाइँ, मारकाट गर्ने बहाना बनाएका छन् धर्मलाई ।

यदि मानव समाजले असली धर्म-तत्व आत्मसात् गर्ने होभने धर्मका नाममा हुने गरेका सारा द्वन्द्वको औचित्य नै रहने छैन । प्रारम्भमा धर्म-तत्व एउटै थियो; तब अहिले किन हुन सक्दैन ? अवश्य हुनसक्छ । यसका निमित्त वैज्ञानिक विश्व-दृष्टिकोण आवश्यक छ । धर्मको मीमांसा विज्ञानको कसीमा गर्ने हो भने दूधको दूध पानीको पानी नछुट्टिने कुरै छैन ।

विश्वको सर्वप्राचीन धर्मग्रन्थ 'वेद' भएकाले यसमा वर्णित धर्म-तत्वलाई मानव समाजको 'आदिधर्म' मान्नुपर्ने हुन्छ । हुन पनि वेदमा कहिएको धर्म सम्प्रदायगत 'ट्रेडमार्क' भन्दा अलग्गै र सारा मानव-समाजकालागि समानरूपेण लागू हुनसक्ने छ । यहाँनेर मलाई मेरा परमपूज्य पिताजीको उपदेश स्मरण हुन्छ– "वेद विश्वको विधान हो भन्नुमा अत्युक्ति हुनेछैन । 'वेद'को अर्थ हो ज्ञान । ज्ञान भनेको जान्नु हो । जान्नका निमित्त सिक्नु पर्दछ । सिक्नुलाई शिक्षा भनिन्छ । शिक्षा प्राप्त गरिसकेका व्यक्तिहरू शिक्षित कहलाउँछन् र वास्तवमा उनीहरू शिष्ट बन्दछन् । यही शिष्ट शब्दमा आचार समेत जोडिएपछि बन्छ- शिष्टाचार । आचार शब्द आङ्ग उपसर्ग पूर्वक चर धातुबाट बनेको र आङ्गपूर्वक चर धातुको गर्नु अर्थ भएको हुनाले आचारको अर्थ हो- गरिने कुरा । शिष्टहरूले गरिने कुरा शिष्टाचार र गर्न नहुने कुरा अनाचार भन्ने हाम्रो परम्परा छ ।

यो कुरा यसरी गर्नु भनेर सूत्र (छोटकरी) रूपमा सिकाउने र त्यसको विपरीत व्यवहार नगर्नलाई व्यवस्था गर्ने लिखत वा ग्रन्थलाई विधान भन्ने चलन छ। एकै वाक्यमा बताउनुपर्दाखेरिमा, वेद विश्वको विधान हो किनकि यसले शिष्टाचारको ज्ञान दिन्छ र मानव समाजलाई अनाचारबाट जोगाउँछ।

वेदमा दुई किसिमको शिक्षा पाइन्छ। एक, व्यावहारिक र अर्को, पारमार्थिक। व्यावहारिक शिक्षा सूत्र रूपमा पाइन्छ र पारमार्थिक शिक्षा विस्तृत रूपमा। यसको रहस्य केभने– व्यावहारिक वस्तुहरू बदलिइ रहन्छन्। बदलिइ रहने वस्तुको विशेष बयान गर्नु व्यर्थ कुरा हुन्छ। पारमार्थिक वस्तु बदलिँदैनन्; ती सधैं एकनाश रहन्छन्। परमार्थ (सत्य-वस्तु) को पत्ता लगाउने हुनाले यिनलाई पारमार्थिक भनिएको हो र यस सम्बन्धी शिक्षालाई पारमार्थिक शिक्षा भनिन्छ। पारमार्थिक शिक्षाको अर्को नाम हो– अध्यात्मज्ञान।"

वेद-निर्देशित धर्म-तत्वलाई अवलम्बन गर्नासाथ धर्मका नाममा सृजित सारा समस्याहरू समाधान हुन सक्दछन्। धर्म यस्तो तत्व हो जसका कारणले मनुष्य पशु बन्नबाट जोगिएको छ। अर्थात्, धर्मनै यस्तो चीज हो जसका कारण मान्छे अरु भन्दा पृथक् रहेको छ। धर्म अवलम्बन गर्दैन भने मान्छेले श्रेष्ठताको दाबी गर्न मिल्दैन। धर्मले मान्छेको आध्यात्मिक, आधिदैविक, आधिभौतिक अभ्युदय गराउँछ।

'रेलिजन'को /'मजहब'को चक्करमा नपर्ने होभने; तिन्लाईनै धर्म ठानेर भ्रममा नपर्ने होभने व्यर्थ हुनेछन् 'जेहाद' र 'क्रुसेड' हरू। धर्म लडाइँ गर्ने चीज होइन; यो त पवित्र जीवन-पद्धति हो। धर्म शब्द 'धृ' धातु (धारणा गर्नु)बाट निष्पन्न भएको हो। यसबाट देखिन्छकि धर्मको अर्थ धारणा हो जसले हामीलाई जीवनकोलागि धारणाहरू प्रदान गर्दछ। ती धारणाहरूको फलस्वरूप मान्छेको जीवन पतनबाट बच्दछ। धर्मले हामीलाई नराम्रा काम-कुराबाट बच्ने ज्ञान दिन्छ। धर्मले मानवलाई राम्रा नियम, राम्रा गुण, असल

विचार र दृष्टिकोण अपनाउन भन्छ; अनि नराम्रो काम गर्नबाट रोक्छ । धर्मज्ञानको धेरै भाग नैतिक-चारित्रिक शिक्षायुक्त छ । संसारमा जतिपनि धर्म छन्, तिन्को एउटा मुख्य उद्देश्य मानवको चरित्रको उत्थान हो । जस्तोकि ऋग्वेदमा जीवनका शाश्वत मूल्यहरूको स्थापना एवं अवलम्बन गर्न धर्मले प्रेरणा दिन्छ । अनि, मनुस्मृतिमा धर्मको लक्षण बताइएको छकि धैर्य, क्षमा, दम ( 'विषय-वासना' हटाउनु), अस्तेय, शौच, इंद्रियनिग्रह, धी (बुद्धि), विद्या, सत्य र अक्रोध यी धर्मका दश लक्षण हुन् । यसमा कुनै सम्प्रदायवालाले आपत्ति जनाउनु पर्ने वा अस्वीकार गर्नुपर्ने के छ र ! महर्षि कणाद जब भनिरहेका हुन्छन्कि जसबाट अभ्युदय, उन्नति या कल्याण हुन्छ तथा "मुक्ति' प्राप्ति हुन्छ त्यही धर्म हो (**यतोभ्युदयनिःश्रेयससिद्धिः स धर्मः**) – तब कहाँनेर छ विवाद/ अस्वीकार गर्नुपर्ने ठाउँ ?

ऋग्वेदमा भनिएको छकि एक्लै खानेवाला पापी हो र बाँडेर खानेवाला पुण्यभागी हुन्छ, धर्म पाउँछ । यस्तो मानवतावादी धारणालाई कुनै सम्प्रदायको भनेर कसैले आलोचना गर्न सक्छ ? वास्तवमा समस्त विश्वको साझा विश्व-धर्म बन्न वेदद्वारा निर्देशित गरिए अनुरूपको 'धर्म'मात्र सक्षम छ । यदि विभिन्न सम्प्रदायगत 'ट्रेडमार्क'हरूमध्येबाट रोज्नु परेमाचाहिँ जसले वेदको उत्तराधिकार बोकेको छ त्यहीतर्फ हामी फर्कनु पर्ने हुन्छ ।

धर्म अवलम्बन गर्नुको मतलब धर्मका नाममा मारकाट मच्चाउनु वा द्वेष फैलाउनु भनेको पटक्कै होइन । धर्मका नाममा लडाइँ, मारकाट, हिंसा, शस्त्रास्त्रको उपयोग आदि-इत्यादि त राजनीति हो, अर्थनीति हो; –धर्मनीति होइन । कहिलेकाहिँ तीपनि आवश्यक पर्लान्; तर तिन्लाईनै धर्म मान्नु गलत हो । धर्मयुक्त जीवनमा तीबाट प्रायः पर रहनु पर्दछ । कर्म, रीतिरीवाज, विधि-विधान, चाल-चलन, प्रथा आदि जस्ता भौतिक क्रियाकलापमा अनेकता भएकै निहुँमा शस्त्रास्त्रको बलमा अरुलाई आफ्नो मतमा तान्न 'जेहाद' र 'क्रुसेड' गर्नु धर्म होइन । एउटा धार्मिक व्यक्तिले

अर्को व्यक्तिलाई पनि आफूजस्तै देख्ने हुनाले त्यहाँ परपीडा हुँदैन, द्वेष हुँदैन, क्रोध हुँदैन, झै-झगडा र मारकाट हुँदैन, हिंसा हुँदैन । परोपकार उसको जीवनको स्वाभाविक कर्म हुन्छ । 'सर्वे भवन्तु सुखिन:'को भावनाले भरिपूर्ण हुन्छ धार्मिक व्यक्ति । धर्म मानवताको उच्चतम स्वरूप भएकाले 'वसुधैव कुटुम्बकम्'लाई स्वत: आत्मसात् गरेको हुन्छ /हुनुपर्छ । तब, कुटुम्ब-कुटुम्ब बीचमा पनि केको युद्ध ?

यता विज्ञान पनि त बन्धुहत्या गर्न जन्माइएको होइन । तर विज्ञानको विकासलाई विनाशको अट्टाहासमा परिणत गर्नेहरू पनि छन् । सारा संसार युद्धको विभिषिकाले त्रस्त भएर त्राही त्राही गरिरहँदा विज्ञानको घोडा चढेर हिंस्रक मनोवृत्तिका मान्छेहरू बन्धुहत्यामा जुटेका छैनन् र ! तर मूल स्वरूपमा हिंस्रक, विनाशक होइन विज्ञान । ऊ पनि धर्म जस्तै कल्याणकारी हो ।

धर्मको अर्को समानार्थक शब्दावली शायद ***सत्यम् शिवम् सुन्दरम्*** मात्रै हुनसक्ला । यस्तो धर्म कसरी विज्ञान-असम्मत हुन सक्छ ?

त्यसो त मान्छेहरूमा धर्म र विज्ञान एक-अर्काका शत्रु भएको भ्रम पर्नुको कारण छ । विगतमा चर्चले कैयौं वैज्ञानिकहरूलाई प्रताडित गरेको, कतिपयलाई जिउँदै जलाएको, यस्तो यस्तो घृणित कार्य गरेको थियो । बाइबलको, इसाई धर्मको खोल ओडेर पोप-पादरीहरूले विज्ञानको दमन गर्ने दुस्प्रयास धेरैपल्ट गरे । अचेलपनि इस्लामको नाममा फतवा ज़ारी गरिएका हामी सुन्छौं । यी पनि कुरानको, इस्लाम धर्मको खोल ओडेर विज्ञानलाई सिध्याउन चाहन्छन् । जस-जसलाई सत्यसँग द्वेष छ, तिनीहरू विज्ञानसँग डराउँछन् । दुर्भाग्यको कुरा हो कि विज्ञानसँग डराउने यस्ता मूर्खहरूले धर्मको आड लिने चलाखी देखाउने गरेका छन् ।

धर्मको प्रतिकूल कुराहरूलाई समेत धर्म नै ठान्दिने-मान्दिने गलत कार्य भएको छ । मार्क्सले धर्मको विरोध गरेको पनि चर्च,

पोप, पादरी, मुल्ला, मौलवी, मठाधिशहरूको व्यवहार देखेर नै हो । **यदि मार्क्सलाई कोही सुयोग्य गुरुसँग वेद, उपनिषद्, गीता आदि पढ्ने सौभाग्य मिलेको भए उनी स्वयम्ले आफ्नो कम्युनिष्ट मेनिफेस्टो बाकसमा थन्क्याइदिने थिए । उनलाई त्यो सौभाग्य मिल्न सकेन र एउटा व्यक्तिको अभाग्यले डोऱ्याएर साराका सारा कम्युनिष्टहरू धर्मको नामसँग नै उतर्सिने विडम्बनापूर्ण स्थिति रह्यो ।** उनका उत्तराधिकारीका रूपमा आएका एंगेल्स, लेनिन, स्टालिन, माओ आदिको समस्या पनि उही हो । तपाईंलाई थाहै छ कि स्वयम् स्वामी विवेकानन्द समेत सुयोग्य गुरु रामकृष्ण परमहंस सँग भेट नहुँदासम्म उग्र नास्तिक हुनुहुन्थ्यो । तर सुयोग्य गुरु प्राप्त गर्ने उहाँको सौभाग्य थियो । त्यस्तै सौभाग्य नपाएकाहरू मात्रै नास्तिकताको अँध्यारोमा जकडिन्छन् ।

यहाँ धर्मको स्वरूप नबुझेरै धर्मको नाम पारेर द्वन्द गरिएको देखिन्छ । धर्मको नाममा ठूल्ठूला नरसंहारकाण्ड पनि मच्चाए । अर्काको प्राणहत्या गरेर, अरुलाई मारेर धर्म हुने भए को पापी हुँदो हो ? पण्डावादले र सामन्तीहरूको मनलाग्दी र आफूअनुकूल व्याख्या तथा स्वेच्छाचारिताले वास्तविक धर्मतत्व पछाडी धकेलियो । हुँदाहुँदा धर्म र विज्ञानलाई त विपरित ध्रुवमा राख्न थालियो । मान्छेको धर्मको नाममा साँघुरिएर सम्प्रदाय, मजहब, रेलिजनको घेरामा जकडिए । धर्मको विरोध गर्नेहरूको स्थिति त झन् विडम्वनापूर्ण भयो - उनीहरू झन् निम्नस्तरको सम्प्रदायका उपासक पो हुनपुगे । उदाहरण दिन सकिन्छ - कम्युनिष्टहरू धर्मको उग्र विरोध गरिरहँदा आफूहरू मार्क्स, लेनिन, माओका तस्वीर पूजा गर्छन् र तिनीहरूको अन्ध समर्थनको तरिका संकीर्ण सम्प्रदाय वा मजहबको जस्तै छ । यद्यपि उनीहरू विज्ञानको धेरै दुहाइ दिन्छन् । कम्युनिष्ट-इतरका नास्तिकहरू, जस्तै : पूँजीवादी, पनि उही ड्याङ्का हुन् । हामीले बुझ्नैपर्ने कुरा छ कि रेलिजन-मजहव-सम्प्रदायरु विज्ञानविनाका पनि हुनसक्लान्, तर धर्म कदापि विज्ञानविनाको हुँदैन । **धर्मको जग विज्ञान हो**, धर्म विज्ञान-प्रतिपादित छ । आधुनिक विज्ञान अझ पूर्णतातिर लागेपछि हामी

यही निष्कर्षमा पुग्नेछौं कि धर्म र विज्ञान एक-अर्काका विरोधी होइनन् । शुद्ध रूपमा रहन दिइएको 'धर्म'को र पूर्णतामा पुगेको 'विज्ञान'को क्षेत्र एउटै हो । एउटा चरमोत्कर्षमा पुगेपछि विज्ञान धर्मसमक्ष नतमस्तक हुन्छ र सही स्वरूपमा धर्मले विज्ञानलाई ममतापूर्वक अङ्गीकार गर्दछ ।

एक्लो धर्मको अनुशरण गर्छु भन्दाखेरी मान्छे अन्ध-संकीर्णतावादमा जकडियो, अनि एक्लो विज्ञानको अनुशरणले चाहिँ मान्छेलाई उग्र-भौतिकतावादको भासमा पतन गराउने स्पष्टै छ । धर्म र विज्ञानको समन्वय नै ठीक कुरा हो र यही अत्युत्तम हुनेछ । धर्म र विज्ञानको एकत्वमा मानव समाजको हित निहित छ । अबका दिनमा धर्मको पक्ष वजनदार हुनुको कारण के पनि हो भने मानव समुदायलाई उसको उज्ज्वल भविष्यका निमित्त धर्म-तत्वको आवश्यकता झन् बढेको छ । मलाई के लाग्छ भने मानव जति वढी मात्रामा शक्तिसम्पन्न हुन्छ उति नै बढी मात्रामा उसलाई धर्म-तत्व आवश्यक हुन्छ । धर्म र विज्ञानको समन्वय अबका दिनहरूमा झन् झन् अत्यावश्यक देखिएको छ ।

सबभन्दा महत्वपूर्ण सवाल के हुनसक्छ भने धर्मले मानव समुदायलाई भविष्यमा कस्तो योगदान पुर्‍याउला ? त्यही योगदानमा नै यसको महत्व पनि प्रष्टिएला । मैले बारम्बार भनेको छु कि धर्म भन्दाखेरीमा धर्मको नाममा पलाप्पिएका आडम्वर, ढोँग, पाखण्ड, रुढीवादिता तथा लौकिक व्यवहार आदिलाई मात्रै ठान्नु हुँदैन र असली धर्म-तत्व बुझ्नु पर्दछ । त्यस्तो असली धर्म-तत्वसँग विज्ञानको कुनै वैरभाव हुँदैन । अनि त धर्म र विज्ञानकाबीचमा सामञ्जस्यताले मानव जातिमा प्रकाशमय प्रभाव पार्नेछ ।

यहाँनेर एकजना विद्वानलाई उद्धृत गर्नु सान्दर्भिक होला, जसको भनाइ छ :- मलाई कस्तो लाग्छ भने त्यस्तो प्राणीका निमित्त धर्म जीवनको आवश्यकता नै हुन्छ जो चेतनासम्पन्न छ र त्यसैको परिणाम स्वरूप शक्तिसम्पन्न पनि छ, अनि जो त्यसै

कारणले गर्दा छनोट गर्नैपर्ने अपरिहार्य दायित्व पनि बहन गर्न पुग्छ । मानिसको शक्ति जति ठूलो हुन्छ त्यति नै ठूलो मात्रामा उसलाई धर्म आवश्यक हुन्छ । यदि विज्ञानको प्रयोग धर्मद्वारा प्रेरित र निर्देशित भएन भने विज्ञान लोभ लालचाका लग्गूपनका निमित्त प्रयोग हुनेछ र विज्ञानले लोभलालचालाई प्रभावकारी रूपमा त्यति सेवा पुर्‍याउनेछ जसको फलस्वरूप विज्ञान विनाशकारी हुन पुग्नेछ । त्यस्तै अर्का एकजना विद्वान भन्छन् :- आध्यात्मिकता र भौतिकताका सम्बन्ध बारेमा जुन धारणा लोकप्रचलित भइरहेको पाइन्छ त्यसमा अब मौलिक परिवर्तन ल्याउनु आवश्यक छ । आध्यात्मिक कल्याणको स्तरलाई उचाल्नु नै हाम्रो पहिलो चासो हनुपर्छ र भौतिक कल्याणका स्तरको उन्नयनलाई दोस्रो प्राथमिकता दिइनुपर्छ । अर्कोशब्दमा भन्नुपर्दा समाजको सांस्कृतिक, धार्मिक, शैक्षिक विद्वत्तात्मक तथा कला कार्यक्रम, पूर्ण रोजगारी तथा लोक-कल्याणका अन्य भौतिक पक्षलाई अवश्यै उच्चस्तरको आध्यात्मिक समाजको निर्माणका प्रयोजनका निमित्त विकसित गरिनुपर्दछ ।

कठोपनिषद्, द्वितीय अध्याय, तृतीय वल्ली, श्लोक ७–८ मा भनिएको छ :

*इन्द्रियेभ्य: परं मनो मनस: सत्त्वमुत्तमम् ।*
*सत्त्वादधि महानात्मा महतोऽव्यक्त मुत्तमम् ॥*
*अव्यक्तात्तु पर: पुरूषो व्यापकोऽलिङ्ग एव च ।*
*यं ज्ञात्वा मुच्यते जन्तुरमृतत्वं च गच्छति ॥*

अर्थात् इन्द्रिय भन्दा मन श्रेष्ठ छ, मन भन्दा बुद्धि उत्तम छ, बुद्धि भन्दा त्यसको स्वामी जीवात्मा उच्च छ र जीवात्मा भन्दा अव्यक्त शक्ति (प्रकृति अथवा माया) उत्तम छ । परन्तु अव्यक्त भन्दा पनि परमात्मा श्रेष्ठ छन्, जो निराकार रूपले सर्वत्र व्याप्त छन् । यही ब्रह्मतत्वको ज्ञान भएर नै जीवात्मा मुक्त हुन्छ र अमृतस्वरूप ब्रह्ममा प्राप्त हुन्छ ।

शरीर अनित्य छ । जुन वस्तुको जन्म हुन्छ, त्यसको मृत्यु पनि हुने निश्चित भएकाले शरीर विनाशी छ । यस्तो आदि र अन्त्य भएको शरीर परम् सत्य हुन सक्दैन । इन्द्रियहरू पनि नाशवान् हुन् । वस्तुतः शरीर आत्माको साधन मात्र हो । आत्मा नित्य र अविनाशी छ । यो न कहिल्यै जन्मिन्छ, न त कहिल्यै मर्छ, यो त अजन्मा, अविनाशी, प्राचीन र सनातन हो । हामी जो मृत्यु भएको भन्दछौं, त्यो त मानिसले पुराना फाटेका लुगाहरू त्यागेर नयाँ लुगा लगाएझैं वा सर्पले काँचुली फेरेझैं आत्माले आफ्नो वासस्थान फेरेको हो । जबसम्म विषय-वासनाबाट मन विरत हुँदैन, तबसम्म यस्तो प्रक्रिया चलिरहन्छ –जसलाई पुनर्जन्म भनिन्छ । तर आत्मज्ञान प्राप्त भइसकेपछि पुनः जन्मने कुनै प्रयोजन नै बाँकी नरहने हुनाले पुनर्जन्म हुँदैन । मानिसको जन्म ठूलो पुण्यले मात्र मिल्ने हुनाले यसलाई मोक्ष पाउनको लागि सदुपयोग गर्नैपर्दछ ।

भौतिक सुखलाई हामी निषेध गर्दैनौं, प्रत्युत महत्वपूर्ण ठान्दछौं । हिन्दू जीवनमा मोक्षप्रतिको अत्यधिक आग्रहको अर्थ भौतिक जगत्प्रतिको निरपेक्षता होइन । इन्द्रियजन्य मोह वा भ्रमप्रति अनिच्छा भएतापनि मानव चेतनाप्रति वैदिक मतमा अगाध श्रद्धा रहेको छ । मानव शरीरलाई मूलतः पापमय मान्ने पाश्चात्य अवधारणा रहेको छ । हिन्दू अवधारणामा पञ्चतत्वबाट बनेको शरीर त मोक्षको साधन हो; जुन साधन त्यति महान् लक्ष्यकालागि सहायक बन्नेवाला छ, त्यस्लाई पापमय कसरी मान्न सकिन्छ र ! क्षणभंगुर भएतापनि यसले मोक्षको प्राप्तिमा पुऱ्याएको सहयोगप्रति कृतज्ञता भाव रहेकै हुन्छ एक आदर्श हिन्दूमा । त्यसैले त मोक्षको प्राप्तिनेरै पुगिसक्दा पनि भर्तृहरि भन्छन्– "हे माता पृथ्वी, पिता वायु, मित्र अग्नि, सुबन्धु जल, भ्राता आकाश ! तिमीहरूलाई मेरो यो अन्तिमपल्ट हात जोडी नमस्कार छ, तिमीहरू सबैको साथबाट उत्पन्न पुण्यका आधिक्यले स्फुरित भएको निर्मल ज्ञानले मोहको सारा महिमालाई पार गरी म परब्रह्ममा लीन भइरहेको छु ।"

यस्तो कृतज्ञता भाव रहन्छ हिन्दू जीवन पद्धतिमा । पुरुषार्थ-चतुष्टयका रूपमा मोक्ष चरम् प्राप्ति अवश्यै हो; मानव जीवन पाएर पनि मोक्ष नपाउनेले महानतम् अवसर गुमाएको ठानिन्छ; किन्तु त्यस शृंखलामा अर्थ, काम र धर्म पनि छन् भन्ने हामीले भुल्नु हुँदैन । अर्थ र काम भौतिक उन्नतिको कसीका रूपमा रहेका छन् भने धर्म भौतिक र आध्यात्मिक उन्नतिको सेतुका रूपमा रहेको छ । अवश्य नै धर्मले परलोक सुधार्छ; तर धर्मको ध्येय त्यतिमात्रै चाहिँ हुँदैहोइन । 'इहलोक' पनि यसले सुधार्नु पर्दछ र सुधार्दछ पनि । यदि यसले 'इहलोक' सुधार्न नसक्ने हो भने यसको उपादेयता नै प्रश्नको घेरामा पर्दछ । वास्तवमा धर्म र विज्ञानको समन्वय नभई पुरुषार्थ चतुष्टयको पूर्ण-प्राप्ति हुँदैन । वैदिक परम्पराका दर्शन-शास्त्रको विशेषता छकि यी मनुष्यका आधिभौतिक, आधिदैविक, आध्यात्मिक सबै तहलाई सम्बोधित गर्दछन् ।

अर्थात्, वैज्ञानिकतायुक्त धर्म एवम् धार्मिकतायुक्त विज्ञान । धर्म र विज्ञानको सहकार्य, सह-अस्तित्व एवं सामञ्जस्यताको कुरा गर्दा म कुनै नयाँ र असम्भव कुरा गरिरहेको छैन । धर्म र विज्ञानको ऐक्यता, सहकार्य, सह-अस्तित्व, सामञ्जस्यताले मानव समुदायको हित हुने कुरामा विश्वस्त हुन सकिन्छ । आजको पुस्ताको हरेक व्यक्तिले यसैको निमित्त प्रयत्न गर्नु उसको 'युगधर्म' हो । अस्तु ।

*****

# 'आयोदधौम्य' निर्मलमणि अधिकारीका प्रकाशित कृतिहरू :



## (क) दर्शनसम्बन्धी :

(१) मीमांसा-दर्शन निर्देशन (वि.सं. २०६२, प्रशान्ति पुस्तक भण्डार)
(२) निर्मल-भक्ति-मार्ग (वि.सं. २०६१, युग निर्माण अभियान नेपाल)
(३) वैज्ञानिक सत्ययुगको आधारशीला (वि.सं. २०६१, युग निर्माण अभियान नेपाल)
(४) वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान (वि.सं. २०६१, युग निर्माण अभियान नेपाल)
(५) धर्म र विज्ञान (वि.सं. २०५३, तरङ्ग साहित्यिक अभियान, तनहुँ, नेपाल)

## (ख) संस्कृतिसम्बन्धी :

(६) आस्थाको शान्ति-युद्ध (वि.सं. २०५७, नेपाली भाषा-संस्कृति परिषद्)
(७) छीनीङ पीहीनो मगरको ? ((वि.सं. २०५७, नेपाली भाषा-संस्कृति परिषद्)
(८) चुच्चे-नेप्टेको सवाल र दशैं बहिष्कार (वि.सं. २०५६, नेपाली भाषा-संस्कृति परिषद्)

## (ग) आमसञ्चार र पत्रकारितासम्बन्धी :

(९) आमसञ्चार र पत्रकारिता (वि.सं. २०६२, प्रशान्ति पुस्तक भण्डार)
(१०) Communication, Mass Media & Journalism (B.S. 2062, Prashanti Pustak Bhandar)
(११) Understanding Mass Media Research (B.S. 2062, Prashanti Pustak Bhandar)
(१२) Studying Mass Media Ethics (B.S. 2062, Prashanti Pustak Bhandar)
(१३) उद्घोषणकला (वि.सं. २०६१, प्रशान्ति पुस्तक भण्डार)
(१४) पत्रकारिता अध्ययन (वि.सं. २०६१, सञ्चार अध्ययन केन्द्र नेपाल– CCSN)
(१५) आमसञ्चार र पत्रकारिता (वि.सं. २०६०, सुनकोशी प्रकाशन) आदि ।

## प्रकाशोन्मूख :

(१) सञ्चार प्रक्रियाको हिन्दू-अवधारणात्मक अध्ययन

साथै

नेपाल, भारत र संयुक्त राज्य अमेरिकाका पत्रपत्रिका, जर्नल आदिमा थुप्रै फुट्कर लेख, रचना, शोध प्रकाशित

प्रकाशक तथा वितरक:

**प्रशान्ति पुस्तक भण्डार**

पद्मोदय स्कूल भवन, पुतलीसडक, काठमाडौं ।

पो.ब.नं. ४७१४, फोन नं. ४२३२७२५